मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक १३४ • २०८१ साल चैत्र १५ गते शुक्रबार • Friday 28, March 2025 • सूर्योदय: बिहान ६:०० बजे • सूर्यास्त: साँझ ६:२० बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## लोडसेडिङ नहुने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतले थप ४ घण्टा विद्युत दिने सहमति जनाएको छ । इण्डियन इनर्जी एक्सचेञ्जले थप ६०० मेगावाट विद्युत दिने स्वीकृत दिएपछि ढल्केवर–मुजफ्फरपुर प्रसारण लाइनबाट विदुत् नेपालमा आउने भएको छ । नेपाल विद्युत प्राधिकरणमा नयाँ कार्यकारी निर्देशक हितेन्द्र देव शाक्यको नियुक्तिसँगै लोडसेडिङ हुने हल्ला चले पनि अब भारत सरकारले उपलब्ध गराउँदै आएको विद्युतका अतिरिक्त ६ सय मेगावाट विद्युत दिने स्वीकृतिपछि तत्काल लोडसेडिङ हुने खतरा टरेको छ ।

# पुजारीद्वारा २२ लाखमा मन्दिरको जग्गा सांसदलाई बेचबिखन



**दीपक कर्ण**
**जनकपुरधाम ।**
धार्मिक सम्पत्ति संरक्षणप्रति समाजको जिम्मेवारीका कुरा भइरहेका बेला जनकपुरधाम उपमहानगरपालिका–१४ मुजेलियामा मन्दिरको जग्गा निजी स्वार्थमा प्रयोग भएको एउटा घटना बाहिर आएको छ । विजय राघव कुञ्ज मन्दिरको ६ कट्ठा ५ धुर ३ कन्मा जग्गा पुजारीले मधेश प्रदेशका एक सांसदलाई २२ लाख रुपैयाँ नगदमा बेचेको खुलासा भएको हो । जनकपुरधाम–८ बिहार कुण्डस्थित विजय राघव कुञ्ज मन्दिरका पुजारी राम सागर दासले मन्दिरको जग्गा प्रदेश सभा सदस्य जंगीलाल राय यादवलाई वार्षिक ४० किलो धान बुझाउने शर्तमा मनखपको कागजमार्फत बिक्री गरेका छन् । जनकपुरधाम उमहानगरपालिका–१४ मुजेलियाको प्रगतिनगरमा बिहार कुण्डस्थित विजय राघव कुञ्जका पुजारी दासका नाममा रहेको जग्गा राजनीतिक शक्ति र पहुँचका आडमा नेपाली कांग्रेसबाट निर्वाचित मधेश प्रदेश सभा सदस्य यादवले कब्जामा लिएको आरोप लागेको हो ।

प्रदेश सभा सदस्य यादवले विजय राघव कुञ्जका पुजारी राम सागर दासका नाममा रहेको सिट नम्बर १६९–१२७५–२४ को कित्ता नम्बर ३० को ६ कट्ठा ५ धुर ३ कन्मा जग्गामा धमाधम माटो पुर्ने काम जारी राखेका छन् । मन्दिरको जग्गा व्यक्तिगत प्रयोजनका लागि उपयोग गर्न नपाइने भन्दै स्थानीयले विरोध जनाउँदा नेता यादव र उनका छोरा डा. अमित यादवले बाउन्सर लगाएर स्थानीय केही युवालाई कुटपिटसमेत गरेको आरोप लगाइएको छ ।

जग्गा बिहार कुण्ड मन्दिरको रहेको र जंगी लाल राय यादव मन्दिरका पुजारी राम सागर दाससँग मिलेर अतिक्रमण गर्न २०६८ सालमा मनखपको कागज लेखाएर अतिक्रमण गर्न खोज्दा टोलवासीले विरोध गरेका थिए । त्यसबेला स्थानीय प्रशासनले जग्गा रोक्का गरी संरक्षण गरेका थिए । अहिले पुनः नेता यादवले लाठीको बलमा केही गुण्डाको सहयोगमा जग्गामा माटो पुर्ने काम गरिरहेको स्थानीय युवा दीपक पटेलले बताए । टोलबासीले मठमन्दिरको जग्गा संरक्षण गर्नुपर्ने सबैको साझा दायित्व रहेको भन्दै जिल्ला प्रहरी कार्यालयमा संयुक्त निवेदनसमेत दिएका छन् । तर, स्थानीय प्रशासनले कुनै चासो नदेखाएको स्थानीय उदय यादवको गुनासो छ ।



पुजारी दासका नाममा हकभोग चलनमा रहेको जग्गा २०६८ फागुन १६ गते प्रत्येक वर्षको माघ मसान्तसम्ममा ४० किलो धान बुझाउने सर्तमा सांसद यादवका छोरा अमितको नाममा मनखपमा दिइएको थियो । अमितले आफूले जग्गामा पर्खाल निर्माणका लागि उपमहानगरपालिका र वडा कार्यालयमा २०७३ सालमै नक्सा पास गराएको दाबी गरे । उनले आफूले जग्गा पुजारी दाससँग लिजमा लिएको दाबीसमेत गरे ।

यता, नगर प्रमुख मनोजकुमार साहले जग्गाको नक्सा पास नभएको र उपमहानगरलाई त्यसबारे कुनै जानकारी नरहेको बताए । उनले अवैध तरिकाले निर्माण कार्य भइरहेको प्रमाणसहितको जानकारी आफूकहाँ आए नगरप्रहरी पठाएर निर्माण कार्य रोक्न लगाउने जानकारी दिए ।

## ‘सांसदसँग २२ लाख रुपैयाँ लिएर जग्गा बेचेको हुँ’

विजय राघव कुञ्जका पुजारी राम सागर दासले आफूले जग्गा सांसद रायलाई मनखपको कागज लेखाए पनि २२ लाख रुपैयाँ नगद लिएर बेचेको बताए । उनले आफ्नो व्यक्तिगत जग्गा कसैलाई बेचे पनि त्यो कुरासँग कसैको कुनै सरोकार नहुनुपर्ने दाबी गरे ।

पुजारी दासले मन्दिरको नाममा रहेको करिब ५ बिघा जग्गामध्ये २४ कट्ठा जग्गा यसरी नै मनखपको कागज लेखाए पनि पैसा लिएर आफूले बिक्री गरेको बताए । मन्दिरका जग्गा धनुषा, महोत्तरी, सिरहा, सर्लाही र केही भारतमा पनि रहेको र त्यसमध्येका जग्गा पनि आफूले यसरी नै बेचेको पुजारी दासले बताए । मनखपको नाममा प्रायः सबै मन्दिर र कुटीका महन्थ तथा पुजारीले जग्गा बेच्दै आएकाले आफूले पनि सोही अनुसार गरेको दासको भनाइ ।

उनले भने, ‘२२ लाख रुपैयाँको नगद लेनदेन भएको थियो । यो मेरो व्यक्तिगत सम्पत्ति हो । म चाहन्छु भने जसलाई पनि बेच्छु, त्यसमा अरु कसैको चासो हुनुहुँदैन ।’ उनले यस्ता थुप्रै जग्गा आफूले मुजेलियामा पनि बेचेको जानकारी दिए ।

## करारका कर्मचारीलाई आठ करोड, स्वकीय सचिव र सल्लाहकारलाई १० लाख



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०–८१ मा कतिपय कानूनविपरीत कार्य गरेको पाइएको छ । कानूनमा व्यवस्था नभएको सुविधासमेत दिइएको छ । स्थानीय तहको पदाधिकारीलाई दिइने सुविधाविपरीत सुविधा दिइएको छ । जनकपुरधाम उपमहानगरपालिकाले कानूनविपरीत नगर प्रमुखलाई स्वकीय सचिव व्यवस्था गरिएको छ भने कानूनमै नभएको कानूनी सल्लाहकारसमेत राखेको पाइएको छ । महालेखाको प्रारम्भिक प्रतिवेदनमा यस्तो कार्य नगर्न उपमहानगरपालिकालाई सुझावसहित सचेत गराइएको छ । महालेखाले आफनो प्रतिवेदनमा भनेको छ, ‘मधेश प्रदेशअन्तर्गत तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७७ पहिलो संशोधन समेतमा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव ,सल्लाहकार राख्न पाउने व्यवस्था छैन । त्यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को ८ मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख

छ । पालिकाले मेयरको स्वकीय सचिव भनेर मनोजकुमार महतोलाई मासिक ४३ हजार ६ सय ८९ रुपैयाँका दरले वार्षिक ५ लाख ६७ हजार ९ सय ५७ रुपैयाँ र उपमेयरको कानूनी सल्लाहकार सुदीप कुमार कोइरालालाई मासिक ३५ हजार रुपैयाँका दरले वार्षिक ४ लाख ६५ हजार रुपैयाँसमेत गरी वार्षिक १० लाख ३२ हजार ८९ सय ५७ रुपैयाँ भुक्तानी गरेको देखिएकाले यो खर्च नियमित नदेखिएको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी, जनप्रतिनिधिले करारमा कर्मचारी राखेर कानूनविपरीत तलब दिँदै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को ८ मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बरलगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन, पालिकाले उल्लेखित पदसहित १ सय २९ कर्मचारी करारमा नियुक्त गरी तलब भत्तामा ८ करोड ७५ लाख ९५ हजार १ सय रुपैयाँ भुक्तानी गरेको पाइएको छ । ऐनको व्यवस्थाविपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको महालेखाको सुझाव छ ।

## छिन्नमस्ताका अध्यक्षद्वारा सहकारीमार्फत ठगी






**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यान्नद चौधरीले सहकारी ठगी गरेको तथ्य बाहिर आएको छ । अध्यक्ष चौधरी आफ्नै सहकारी संस्थामार्फत स्थानीयलाई ठगी गर्दै आएको स्थानीयको आरोप छ । उनका नाममा दर्ता भएको सखडेश्वरी कृषि सहकारी संस्था लिमिटेडमार्फत स्थानीय ठगिएका हुन् ।

अध्यक्ष चौधरीले छिन्नमस्ता गाउँपालिका–३ (गोबिन्दुर) का राजकुमार राम र सखडाका धर्मी पण्डितसँग लाखौँ रकम ठगी गरेको आरोप लागेको छ । राम अध्यक्ष चौधरीको सहकारीमा जग्गा धितो राखी एक लाख ३० हजार रुपैयाँ ऋण स्वीकृत गराए पनि चौधरीले ९० हजार रुपैयाँ न गद मात्रै दिएको रामले बताए । ४० हजार रुपैयाँ कार्यालय प्रयोजनका लागि खर्च भएको चौधरीले ऋणीलाई बताएका थिए । जग्गा धनी रामलाई जग्गा बेचाइदिने प्रलोभनमा ४ वटा खाली चेकमा हस्ताक्षर गराएर राखेको अध्यक्ष चौधरीमाथि आरोप छ । रामले २०७४ चैत १३ गते २ कठ्ठा १९ धुर जग्गा चौधरीको सहकारीमा धितो राखेका थिए । रामले ९० हजारको साँवाब्याज गरी ४ लाख ११ हजार रुपैयाँ बुझाए पनि सहकारीका कर्मचारीले त्यसको कुनै प्रमाण नदिएको रामले बताए ।

अध्यक्ष चौधरीले धर्मी पण्डितसँग पनि ४ लाख ५० हजार रुपैयाँ ठगी गरेको आरोप छ । अध्यक्ष चौधरीले दाई मगलु चौधरीमार्फत पण्डितसँग ९ लाख रुपैयाँमा जग्गा खरिद गरे पनि जग्गाबापतको ४ लाख ५० हजार रुपैयाँ जम्मा भएको नक्कली बैंक भौचर पण्डितलाई दिएको आरोप छ । खाता नम्बर नै उल्लेख नभएका बैंक भौचर अध्यक्ष चौधरीले पण्डितलाई दिएपछि आफू ठगिएको पण्डितलाई जानकारी भएको थियो । गाउँपालिका अध्यक्षमा चौधरीलाई रामले मत नदिएका कारण रामले सहकारीको ऋण चुक्ता गरे पनि सहकारीमा राखेको २ कठ्ठा १९ धुर जग्गा बेच्न खोज्दा सहकारीले फुकुवा नगरेको पीडितको भनाइ छ । पटकपटकको पञ्चायतीपछि फुकुवा कागज राष्ट्रिय सहकारी बैंकको नामबाट दिए पनि उनले मालपोतबाट रामसँग जग्गा लिजमा लिएका स्थानीय सीतादेवीलाई भनेर रोक्का गर्न लगाएका छन् । सहकारीका ठगीको विषय स्थानीयस्तरमा चर्चाको विषय भएको छ ।

# शिक्षा सुधारका लागि 'हेल्दी स्कुल'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

शिक्षा सुधारका लागि धनुषाको शहीदनगर नगरपालिका वडा नं ५ स्थित जयराम भक्त दलित राष्ट्रिय आधारभूत विद्यालयमा 'हेल्दी स्कुल' कार्यक्रमको आयोजना गरिएको छ ।

धनुषा निर्वाचन क्षेत्र नं २ का ग्रामिण विद्यालयहरुमा 'हेल्दी स्कुल' अभियान प्रभावकारी हुँदै गएको छ । जनता समाजवादी पार्टी नेपालका प्रदेश सभा सदस्य रामअशिष यादवको परिकल्पनामा थालिएको यस कार्यक्रमको उद्देश्य सामुदायिक विद्यालयका भौतिक पूर्वाधार सुधार, शिक्षक प्रोत्साहन,



प्रशिक्षण र बालबालिकाहरुलाई प्रविधि मैत्री अध्ययनको अवसर प्रदान गर्नु हो ।

कार्यक्रम अन्तर्गत शहीदनगर नगरपालिका वडा नं ५ को पचहर्वास्थित जयराम भक्त दलित राष्ट्रिय आधारभूत विद्यालयका सम्पूर्ण बालबालिकाहरुलाई निशुल्क स्वास्थ्य परीक्षण गरिएको छ । साथै, आवश्यक औषधि पनि वितरण गरिएको छ ।

'हेल्दी स्कुल' कार्यक्रमका संयोजक डा. निरन्जन कुमार गोईत, डा. कृष्णा पाल महतो र डा. संजीव यादवसहितका चिकित्सकहरुले विद्यालयका बालबालिकाहरुको स्वास्थ्य परीक्षण गरे । प्राधानाध्यापिका कविता ठाकुरले जानकारी दिए अनुसार स्वास्थ्य परीक्षणको क्रममा केही बालबालिकामा दाँत, आँखा र कानसँग सम्बन्धित सामान्य समस्याहरू देखिएका छन् ।

कार्यक्रममा प्रदेश सभा सदस्य रामअशिष यादव, शहिदनगर नगरपालिका वडा नं ५ का अध्यक्ष सुरेश कापर, बिलट किसुन आधारभूत हठिपुरका प्राधानाध्यापक राजदेव ठाकुर, दलित समुदायका अगुवा नेताहरु बौएलाल महरा, रामदयाल सदा, राजदेव पासमान, स्वास्थ्यकर्मी रमेश पासमान, युवा नेता शितल साह, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजनन्दन मण्डल र समाजसेवी राम एकबाल साह लगायतकाहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमका संयोजक डा. गोईतले बताए अनुसार 'हेल्दी स्कुल' कार्यक्रमका मुख्य उद्देश्यहरु मध्ये एक सामुदायिक विद्यालयको शैक्षिक स्तरमा सुधार ल्याउने, विद्यालयको भौतिक पूर्वाधारलाई सुधार गर्ने र विद्यार्थीहरुलाई मानसिक तथा शारीरिक रुपमा स्वस्थ राख्ने छन् । यसका साथै, शिक्षकहरूको प्रोत्साहन र प्रशिक्षण पनि यस अभियानका महत्वपूर्ण पक्ष हुन् ।

# मुख्यमन्त्रीद्वारा मधेश प्रहरी क्रिकेट टिम सम्मानित




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

प्रथम आइजिपी कप क्रिकेट प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल मधेश प्रहरी कार्यालयको क्रिकेट टिमलाई मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयले विशेष सम्मान गरेको छ । जनकपुरधामस्थित मधेश भवनमा आयोजित कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले विजेता टिमलाई प्रशंसा पत्र प्रदान गर्दै उनीहरूको उल्लेखनीय उपलब्धिको प्रशंसा गरे ।

कार्यक्रममा मुख्यमन्त्री सिंहले खेलकुद विकासका लागि प्रदेश सरकारले महत्वपूर्ण योजना अघि बढाएको जानकारी दिए । उनले खेलकुदसम्बन्धी कानूनी ढाँचा तयार गर्न सरकार सक्रिय रहेको र त्यसको प्रक्रिया तीव्र गतिमा अघि बढिरहेको बताए । साथै, प्रदेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी र प्रशिक्षकलाई सरकारी कर्मचारीसरह नियुक्त गर्ने योजना रहेको भन्दै यसका लागि लोक सेवा आयोगसँग समन्वय भइरहेको जानकारी पनि दिए ।

मुख्यमन्त्री सिंहले प्रदेशभरका खेलकुद सामग्री केही दिनभित्रै वितरण गरिने जानकारी दिँदै प्रदेश सरकार खेलकुदको पूर्वाधार विकासमा समेत गम्भीर रहेको स्पष्ट पारे । उनले मधेश प्रदेशलाई खेलकुदको प्रमुख केन्द्र बनाउने योजनामा सरकार लागि परेको र यसैक्रममा प्रदेशभर खेल गतिविधि प्रवद्र्धन गर्न बजेट छुट्याइने बताए । मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले मधेश प्रदेशले ११औँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने लक्ष्य राखेको जानकारी दिए ।

उनले प्रदेशमा खेलकुदको पूर्वाधार विकासमा प्रदेश सरकारले महत्वपूर्ण काम गरिरहेको र कर्णाली प्रदेशले छोटो समयमा रंगशाला निर्माण गरेजस्तै मधेश प्रदेशले अझ छोटो समयमा रंगशाला निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री जयसवालले आगामी बजेटमा रंगशाला निर्माणका लागि पर्याप्त रकम छुट्याइने स्पष्ट पारे ।


## कर्जा चूक्ता गर्न आउने बारेको पुन: १५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा तथा मिति २९/१०/२०८१ को मधेशदृष्टि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना जारी गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा पूण:यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यो समय भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज ,हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहुन पूण:यो १५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकी गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, व्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

### तपसिल

**१)ऋणीको नाम र ठेगाना**

**क**) प्राईभेट फर्म रजिष्ट्रशन ऐन, २०१४ बमोजिम मिती २०६७ साल आश्विन महिना १९ गते रोज ३ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय पर्सा वीरगंजमा दर्ता भै घ.तथा सा.उ.का.प्रा.फ.पर्सा.नं. ५०६७/०६७/६८, अन्तर्गत दर्ता कायम भएको तथा लखनपुर गा.वि.स ३, पर्सा कार्यालय रहेको श्री आशा इटा उद्योग ।

**ख**) प्राईभेट फर्म रजिष्ट्रशन ऐन, २०१४ बमोजिम मिती २०६६ साल आश्विन महिना २७ गते रोज ३ मा नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कार्यलय पर्सा बीरगंजमा दर्ता भै प्रा.फ.र.नं. २७१३१/०६६/६७, अन्तर्गत दर्ता कायम भएको तथा बीरगंज १३, रानिघाट, पर्सा कार्यालय रहेको श्री साहु ट्रेडर्स ।

**ग**) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०८० साल बैशाख महिना १४ गते रोज ५ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. ४४६३१/०७९/८०, अन्तर्गत दर्ता कायम भएको तथा पोखरीया, फुलवरीया वडा नं. ०३, पर्सा कार्यालय रहेको **उषा पलाष्टिक सप्लायर्स ।**

**कर्जाको सुरक्षण विवरण**

क) गोवर्धन सा कानुको नाती ढोडा सा कानुको छोरा जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने(ना. प्र. नं. ०९४६१९७४ ,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) **५० बर्ष को श्री रामदयाल प्रसाद कानुको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वनकटवा वडा नं ५ स्थित रहेको किता नं. ५६३ र २१९ को जम्मा क्षेत्रफल क्रमश: ०-०-१२-०, ०-८-१० को घरजग्गा र जिल्ला पर्सा वनकटवा वडा नं ६ स्थित रहेको किता नं. १०७३ को जम्मा क्षेत्रफल ०-१६-१२-८ को घरजग्गा ।

ख)शिवसाह कानुको छोरी ,ढोडासाह कानुको बुहारी ,राम दयाल प्रसाद कानुको पत्नी ,जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का.,पर्सा) **वर्ष ५२ की सुशीला साहको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वीरगंज वडा नं १५ स्थित रहेको किता नं. २००, २२० को जम्मा क्षेत्रफल क्रमश: ००८०.८० र ००८८.५० व.मि.को घरजग्गा , जिल्ला पर्सा वनकटवा वडा नं ५ स्थित रहेको किता नं. १११ , १०८, ६१६ र ७२ को जम्मा क्षेत्रफल क्रमश: ०-०-९-१२.५, ०-१-१७-८ , ०-७-११-८ र ०-१२-०-० को घरजग्गा र , जिल्ला पर्सा वनकटवा वडा नं ५ गा स्थित रहेको किता नं. ६९ को जम्मा क्षेत्रफल ०-४-६-८ को घरजग्गा ।

ग) नाम बिजाधर साहको नाती, गोवर्धन सा कानुको छोरा , जिल्ला पर्सा गा.वि.स बनकटवा वडा नं.०३, हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८२ को ढोडा सा कानको**नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वनकटवा वडा नं ५ स्थित रहेको किता नं. २२७ र २२१ को जम्मा क्षेत्रफल क्रमश २८६८.३४ व.मि. र २२०१.०८ व.मि. को घरजग्गा ।

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क) ढोडा सा कानुको नाती ,रामदयाल प्रसाद कानुको छोरा,जिल्ला पर्सा ,पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७१–०३१२५ ,जारी मिति २०७१/०४/०६, जि.प्र.का.,पर्सा) **वर्ष २६ को धन्नजय कुमार कानु ।**

ख) नाम बिजाधर साहको नाती गोवर्धन सा कानुको छोराजिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने ( ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८० को ढोडा सा कानु ।**

ग) नाम गोवर्धन सा कानुको बुहारी ,ढोडा सा कानुको पत्नी ,जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०६ बस्ने (ना.प्र.नं. ०७९०१०१८, जारी मिति २०३६/१०/०६, जि.प्र.का.पर्सा) **वर्ष ८४ की गोलीया देवी कनुइन ।**

घ) रघुनाथ प्रसाद साह कानुको छोरी,राम दयाल प्रसाद कानुको बुहारी ,धनन्जय कुमार कानुको पत्नी जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७६-११६४८, जारी मिति २०७६/११/०१, जि.प्र.का.,पर्सा) **वर्ष ३५ की सुधा गुप्ता ।**

ङ)शिवसाह कानुको छोरी ,ढोडा साह कानुको बुहारी, राम दयाल प्रसाद कानुको पत्नी, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ ,हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का,पर्सा) **वर्ष ५२ की सुशीला साह ।**

च)ढोडा सा कानुको नातीनी, रामदयाल प्रसाद कानुको छोरी, जिल्ला पर्सा,पोखरीया नगरपालिका वडा नं. ०३, बस्ने (ना.प्र.न. ३४-०१-७८-०१३७०, जारी मिति २०७८/०४/१३ जि.प्र.का. ,पर्सा) बर्ष २१ को **उषा कुमारी ।**

छ) गोवर्धन सा कानुको नाती ,ढोडा सा कानुको छोरा, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना. प्र. नं. ०९४६१९७४,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) ८१ बर्ष को **रामदयाल प्रसाद कानु ।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।


# मुआब्जा माग्दै आधा दिन वीरगंज बजार बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरको मुख्य सडक २५–२५ मिटर विस्तारको विरोधमा उत्रिएका घरधनी र व्यवसायीले विरोधस्वरूप बिहीबार आधा दिन बजार बन्द गरेका छन् । बिहानदेखि मध्याह्न १२ बजेसम्म पसल बन्द गरेर उनीहरुले विरोध जनाएका हुन् ।

सडक विस्तारअघि उचित मुआब्जा पाउनुपर्ने माग उनीहरूको छ । सडक विस्तार रोक्न 'वीरगन्ज युवा तथा व्यापारी सडक पीडित संघर्ष समिति' नै गठन गरेर संघर्ष थालिएको हो ।

यसैबीच वीरगंज बचाऊँ सङ्घर्ष समिति र वीरगंज युवा तथा व्यापारी सडक पीडित सङ्घर्ष समितिले संयुक्त रूपमा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । वीरगंजको गण्डक–घण्टाघर–मितेरी पुल खण्डको सडकलाई २५–२५ मिटर विस्तार गर्ने सडक विभागको योजनाले स्थानीयको घरपरिवार र व्यापार–व्यवसायमा गम्भीर असर पार्ने भन्दै योजनालाई परिमार्जन गरी 'सार्वजनिक सडक ऐन २०३१' को दफा ३ बमोजिम 'शहरी मार्ग' वा 'बिल्ट–अप' कायम गर्न माग गर्दै समितिले संयुक्त रूपमा अर्यालमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

वीरगंज ऐतिहासिक शहर भएको भन्दै २५–२५ मिटर सडक विस्तारले सैयौँ परिवारको उठिबास लाग्ने र उनीहरू सुकुम्वासीमा परिणत हुनुका साथै हजारौँ व्यवसायीको व्यापार चौपट हुने र सयौँले रोजगार गुमाउने बताउँदै उनीहरूले सरकारलाई विकल्प खोज्न आग्रहसमेत गरेका छन् । प्रस्तावित योजनाअनुसार सडक खण्डलाई सडकको केन्द्रबिन्दुबाट २५–२५ मिटर गरी कुल ५० मिटर फराकिलो बनाउने सूचना प्रकाशित भएको छ ।

यसैबीच सर्वोच्च अदालतले फागुन २८ गते वीरगंजको मुख्य सडक विस्तारविरुद्धमा घरधनीले दिएको रिट निवेदन नै खारेज गरेपछि वीरगंज महानगरपालिकासँग सहकार्य गरेर सडक विभागले मुख्य सडक फराकिलो पर्ने तयारी शुरु गरेको छ ।

तयारीस्वरूप विभागले वीरगंज महानगरपालिकासँग समन्वय गर्दै नापी कार्यालयमार्फत सडक सीमाङ्कनको कम समेत शुरु गरेको छ भने सडकमा पर्ने सरकारी र अर्ध सरकारी कार्यालयलाई विकल्प खोज्दै ठाउँसारी गर्न पत्राचार गरेको छ ।

# जीवन विकासको वित्तीय साक्षरता

**आरके श्रीवास्तव**
**रौतहट ।**

जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड मौलापुर शाखाको केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम भएको छ । वित्तीय साक्षरतासम्बन्धी जानकारी गराउने उद्देश्यले मौलापुर पार्क होटलमा भएको कार्यक्रममा केन्द्र प्रमुख र उपप्रमुख सहभागी थिए ।

मौलापुर नगरपालिकाकी नगरप्रमुख रिना कुमारी साहको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संस्थाका आन्तरिक लेखा परीक्षण विभाग प्रमुख बिनोद प्रसाद साहले अध्यक्षता गरेका थिए । विशिष्ट अतिथि मौलापुर नगरपालिकाका उपप्रमुख नागेन्द्र राय यादव थिए । जीवन विकास लघुवित्तका जिल्ला प्रमुख पंकज मण्डलले सञ्चालन गरेको कार्यक्रममा स्वागत मन्तव्य मौलापुर शाखाका प्रमुख मदन कुमार कामतीले गरेका थिए । कामतीले मौलापुर शाखाको वर्तमान अवस्थाबारे जानकारी गराएका थिए ।



१ हजार ४६ सदस्य संख्या रहेको मौलापुर शाखाअन्तर्गत ६२ वडा केन्द्र संख्या रहेको उनले जानकारी गराए । ५ सय २९ जना ऋणीमा ६ करोड ६३ लाख २६ हजार ५ सय १५ रुपैयाँ १२ पैसा ऋण लगानी रहेको तथ्यांक प्रस्तुत गरेका थिए । ४ जना कर्मचारी रहेको शाखामा १ करोड ५७ लाख ६० हजार ६ सय ७९ रुपैयाँ ९५ पैसा बचत रहेको छ ।

प्रमुख अतिथि साहले लघुवित्तले विगत ४ वर्षमा राम्रो सदस्य संख्या बनाउन सफल भएकामा बधाइ तथा शुभकामना व्यक्त गरेकी थिइन् । लघुवित्तबाट लिएको माधानी महायज्ञमा मन्दिरका लागि संस्थाबाट डष्टबिन सहयोग गरेकामा धन्यवाद ज्ञापन गरेकी थिइन् ।

उनले लघुवित्तमा सहभागी भएर महिलाले धेरै प्रगति गरेको र कार्यक्रममा महिला सहभागिता हेरेर खुशी पनि प्रकट गरेकी थिइन् । कार्यक्रममा संस्थाका व्यवस्थापन सूचना विभागका विभागीय प्रमुख कुमोद कुमार मण्डलले वित्तीय साक्षरता कार्यक्रम अन्तर्गत ऋण, बचत, डिजिटल सेवाबारे सहभागीलाइ विस्तृत जानकारी गराएका थिए ।

त्यस्तै विशिष्ट अतिथि उपमेयर यादवले लघुवित्तबाट जुन प्रायोजनका लागि ऋण लिएको छ, त्यसै प्रायोजनमा खर्च गर्न सुझाव दिए । कार्यक्रममा उत्कृष्ट उद्यमीमा केन्द्र नम्बर ६ कि रंजु यादव, ८ कि व्यासदेवी कोइरी, ५१ कि पानवती देवी यादवनी चयन भएका थिए । यस्तै, यसवर्षको उत्कृष्ट केन्द्रका रुपमा २३ नम्बर केन्द्र शुभान अल्लाह जिवन विकास लघुवित्तलाई घोषणा गरिएको शाखा प्रबन्धक कामतीले जानकारी दिए । कार्यक्रममा संस्थामा सदस्य रहेका ५ जना परिवारको १० जना छात्रछात्रालाई छात्रवृत्ति पनि लघुवित्तले प्रदान गरेको छ । आवश्यकताअनुसार पढाइमा सम्पूर्ण खर्च व्यहोर्ने जीवन विकास लघुवित्तका जिल्ला प्रमुख पवन मण्डलले बताए ।

# अभिमुखीकरण कार्यक्रम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगञ्जमा भुमि समस्या समाधान आयोग पर्साले जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।
सुकुम्बासी समस्या समाधान आयोग पर्साका अध्यक्ष तवरेज अहमदको अध्यक्षतामा अभिमुखीकरण सम्पन्न भएको हो ।
भुमि समस्या समाधान आयोग पर्साका सदस्य सचिव राकेश कुमार झाले जिल्लामा रहेको भुमिहिन सुकुम्बासी, भुमिहिन दलित तथा अव्यवस्थित वसोवासीहरुको समस्या र समाधानको लागी नीति नियम र कानुनमा उल्लेखित गरिएको विधि विधानको वारेमा जानकारी गराउँदै सहभागिहरुबाट उठेका प्रश्नहरूलाई सम्वोधन गरेका थिए ।
अध्यक्ष अहमदले भूमि सम्बन्धी समस्या समाधानका लागि भूमि आयोग पर्साले आफ्नो अभियानलाई तीव्र बनाउन यो अभिमुखीकरण कार्यक्रम कोसेढुंगा साबित हुने विश्वास रहेको बताए । उनले जनतालाई आश्वासन मात्र नभएर लालपुर्जा हात पर्ने गरी काम अघि बढाएको जानकारी दिए ।
उनले गाउँपालिका र सम्पूर्ण वडाहरूले आयोगले सञ्चालन गरिरहेका कार्यहरूमा पूर्ण सहयोग गर्नुपर्ने बताउँदै तयार भएका फाइलहरू समयमै आयोगमा पठाउने व्यवस्था मिलाउन जनप्रतिनिधिहरूलाई आग्रह गरे ।
केही समय भित्रै बाँकी रहेको पालिकामा समिति बनाएर भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासीको पहिचान गरेर समस्या समाधान गर्नेतर्फ आफु अग्रसर रहेको बताए ।
अभिमुखीकरण कार्यक्रममा सदस्य शिव नारायण राम, बिज्ञ सदस्य शन्तोस कुमार पासवान, जिल्ला समन्वय समिति कार्यालय पर्साका प्रतिनिधी सुमित सिंह, भुमि तथा मालपोत कार्यालय पर्सा प्रमुख अशोक भट्टराई लगायतको उपस्थिति थियो ।

# प्रजिअले गरे नाकामा छड्के

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले मटिअर्वा नाकामा छड्के चेकजाँच गरेका छन् ।
चेकजाँचका क्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरीले सार्वजनिक रूपमा भइरहेको तस्करीलाई नजरअन्दाज गरेको देखेपछि अधिकारीले तत्काल दुई सुरक्षाकर्मीलाई निलम्बन गर्ने आदेश दिएका छन् ।
सीमावर्ती नाकामा भइरहेको अवैध तस्करीबारे अनुगमन गर्न अचानक उनले छड्के चेकजाँच गरेका थिए । चेकजाँचका क्रममा नेपाल प्रहरीका एकजना र सशस्त्र प्रहरीका एकजना कर्मचारी तस्करी रोक्न सक्रिय नभएको देखिएपछि दुवैलाई निलम्बन गर्न उनले निर्देशन दिएका छन् ।
जिल्ला प्रशासन कार्यालय बाराले सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रण गर्न सुरक्षाकर्मीहरूको भूमिकाबारे थप अनुसन्धान गर्ने बताएको छ । प्रमुख जिल्ला अधिकारीको यो कदमपछि सीमावर्ती क्षेत्रमा सुरक्षा प्रणाली थप कडा बनाइने अनुमान गरिएको छ ।

# छोराको क्यान्सरले परिवारको बिचल्ली सहयोगको अपिल

**मनोज माझी**
**राजविराज ।**



भए भरको सम्पती खन्याउँदा पनि नपुगेपछि यति खेर सप्तरीको छिन्नमस्ता गाउँपालिका–१ बरही टोलका ६० वर्षीय बृद्ध देवनारायण राय छोराको उपचार खर्चका लागी छटपटाई रहेका छन् ।
एकमात्र सहारा ३० वर्षीय छोरा प्रशान्तलाई क्यान्सर रोग लागेका कारण उपचार खर्च कसरी जुटाउने भन्ने चिन्ताले उनलाई पिरोलेको हो ।
पायल्स रोगबाट विरामी परेका छोराको उपचारका लागी दुई धुर जग्गामा बनेको फुसको घर गाउँकै साहु महाजनसँग बन्धकी राखेर ऋण उठाई उपचारका लागि भारत बिहार राज्यको राजधानी पटना पु- याउँदा उनलाई क्यान्सर रोग भएको पत्तो लागेको थियो ।
केही दिन पटनास्थित एम्स अस्पतालमा उपचार गरेपछि डाक्टरले क्यान्सर रोग लागेको भन्दै क्यान्सर अस्पताल लैजान सल्लाह दिएका थिए । त्यस पछि छोरालाई घर ल्याएको उनले आफूसँग भएको एउटा दुहुनो गाईसमेत १९ हजार रुपैयाँमा बेचेर चितवनस्थित भरतपुर क्यान्सर अस्पतालमा भर्ना गराएका छन् ।
३ दिनअघि मात्र प्रसान्तको अपरेशन गरिएको छ । त्यहाँ उपचार, औषधी, बेडशुल्क लगायत गरी अहिलेसम्म १ लाख ५० हजार रुपैयाँको बिल अस्पताल प्रशासनले भुक्तानिका लागि अभिभावकलाई दिएका छन ।
'अहिले किमो गर्न पनि बाँकी नै छ । त्यसमा थप डेढ/दुई लाख रुपैयाँसम्म लाग्ने डाक्टरहरुले बताएका छन् । प्रशान्तकी श्रीमती पुनमले भनिन, 'पहिलाकै उपचार खर्च तिर्न सकिएको छैन, अब थप यत्रो रकम कहाँबाट ल्याउनु ।'
उनले रकमको अभावमा अहिले डाक्टरले पुर्जामा लेखिदिएको सबै औषधी पनि खुवाउन नसकेको बताइन् । १० वर्षअघि दुर्घटनामा एउटा खुट्टा गुमाएका बृद्ध बुवा देवनारायण आर्थिक अभावमा बुढेसकालका सहारा एक मात्र छोराको उपचार गरिबीका कारण गराउन नसकेको बताउँछन् ।
उपचार महँगो हुने र अप्रेशन भएकाले थप खर्च जुटाउन समस्याका साथै दैनिक ज्यालादारी गरी ६ जनाको परिवारको गुजारा गर्दै आएका छोरा बिरामी परेपछि हातमुख जोड्न समेत समस्या भएको उनको भनाइ छ ।
'अहिले छोरा क्यान्सर अस्पतालमा मृत्युसंग लडिरहेको छ ',उनले भने, 'यति बेला मलाई आर्थिक संकटले निन्द्रा हरेको छ ।'क्यान्सर पीडित प्रशान्तको ११ वर्षीय विपिन र ५ वर्षीय सुसान्त गरी २ छोरा छन् । घर परिवार चलाउने एकमात्र अभिभावक प्रशान्त बिरामी परेपछि उनीहरुको पनि विजोग भएको देवनारायणले सुनाए । सबैलाई सहयोगबाट छोरा बचाइदिन उनले अपिल समेत गरेका छन् । हाल उनको उपचारमा सहयोग जुटाउन स्थानीय समाजसेवी किशोर कुमार यादव 'केसी'ले पहल थालेका छन् ।
उनले भने, 'केही रकम त जुट्यो । तर, यति थोरै रकम प्रशान्तको उपचारका लागि पर्याप्त छैन । अझै धेरै रकम चाहिने भएकाले सबैसंग सहयोगको हात फैलाउदै अभियान चलाएका हौ ।'

# ल क्याम्पसका विद्यार्थीले गरे जिल्ला प्रहरीको अवलोकन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगञ्ज ल क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले जिल्ला प्रहरी कार्यालय पर्साको अवलोकन भ्रमण गरेका छन् ।
भ्रमणको क्रममा विद्यार्थीहरूले प्रहरी कार्यालयको अपराध अनुसन्धान प्रक्रिया, हिरासत कक्ष, विभिन्न शाखा र उपशाखाहरूबाट सम्पादन हुने दैनिक कामकारबाहीको बारेमा जानकारी हासिल गरेका थिए ।
साथै, विद्यार्थीहरूले प्रहरी अधिकारीहरूसँग अन्तरक्रिया गरी आफ्ना जिज्ञासाहरू राखेका थिए ।
जिल्ला प्रहरी कार्यालय पर्साका कार्यालय प्रमुख प्रहरी उपरीक्षक गौतम मिश्रले अवलोकन भ्रमणमा सहभागी कानुनका विद्यार्थीहरूलाई स्वागत गर्दै प्रहरीको दैनिक कामकारबाहीको बारेमा विस्तृत जानकारी प्रदान गरे ।
उनले अपराध अनुसन्धानको प्रक्रिया, हिरासत व्यवस्थापन र प्रहरीको नियमित जिम्मेवारीहरूबारे प्रकाश पार्नुका साथै विद्यार्थीहरूले सोधेका विभिन्न प्रश्नहरूको सम्बोधन गरे ।
एसपी मिश्रले कानुन व्यवसायी र प्रहरीबिचको सम्बन्धलाई स्वच्छ र व्यावसायिक बनाउनुपर्ने आवश्यकतामाथि जोड दिए ।
उनले कानुनका विद्यार्थीहरूलाई प्रहरी र कानुन व्यवसायीबिचको सहकार्यले समाजमा शान्ति र न्याय कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।

# अस्पतालमा छात्रा मृत फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटको माधव नारायण नगरपालिकाको गजेन्द्र नारायण स्मृति अस्पतालमा अध्ययनरत एक छात्रा मृत फेला परेकी छन् ।
माधव नारायण –३ स्थित गजेन्द्र नारायण स्मृति अस्पतालको डिप्लोमा फार्मेसी अध्ययनरत एक छात्रा मृत फेला परेकी रौतहट प्रहरीले जनाएको छ ।
रौतहट प्रहरीका अनुसार डिप्लोमा फार्मेसी पहिलो वर्षमा अध्ययनरत छात्रा सुमन कुमारी बैठा मृत फेला परेकी हुन् ।
बाराको विश्रामपुर गाउँपालिका –५ घर भएकी उनी छात्रावासको बाथरुममा मृत फेला परेको बताइएको छ ।
रौतहटका प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले झुन्डिएको अवस्थामा छात्रा सुमन मृत फेला परेको जानकारी दिए । प्रहरीले घटनाको सूक्ष्म अनुसन्धान शुरु गरेको जनाइएको छ ।

# किसानलाई सिँचाइमा सहुलियत

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले कृषिमा विद्युतिकरणलाई प्रोत्साहन गर्दै किसानलाई सिँचाइमा सहुलियत दिन महत्त्वपूर्ण निर्णय गरेको छ ।
नगर प्रमुख राजन पौडेलको अध्यक्षतामा बसेको बैठकले वडा नं. १७, १८, १९, २० र २४ मा कृषियोग्य जमिनमा विद्युत् मिटर जडान गर्ने र सो मिटरको शुल्क समेत नगरपालिकाले व्यहोर्ने निर्णय गरेको हो ।
नेपाल विद्युत् प्राधिकरण र कलैया वितरण केन्द्रसँगको सहकार्यमा किसानका खेतहरूमा कृषि विद्युत् लाइनको प्रसारण कार्य सम्पन्न भएको छ ।
नगरपालिकाका अनुसार नयाँ योजनाले किसानहरूलाई नियमित र भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गरी सिँचाइमा सहजता ल्याउने छ । यसले आधुनिक कृषि प्रविधि अपनाउन टेवा पुग्ने विश्वास गरिएको छ । नगरपालिकाको निर्णयले किसानहरू खुशी देखिएका छन् ।

# दुई कम्पनीविरुद्ध मुद्दा

**मधेशदृष्टि**
**वीरगंज ।**
पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयले करिब पाँच करोड सात लाख ९४ हजार ९८२ रुपैयाँ राजस्व चुहावटको माग दाबी गर्दै दुई कम्पनीविरुद्ध उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जमा मुद्दा दायर गरेको छ । राजस्व अनुसन्धान कार्यालयका प्रमुख अनुसन्धान अधिकृत हरिप्रसाद शर्माका अनुसार अमायरा वस्त्रालयका सञ्चालक चन्दन गुप्ता र शिवशान्ति कन्स्ट्रक्सनका सञ्चालक सञ्जयकुमार कुर्मीविरुद्ध बुधबार अभियोगपत्र दर्ता गरिएको हो ।
अमायरा वस्त्रालयविरुद्ध दुई करोड २३ लाख बिगोको दाबी राजस्व अनुसन्धान कार्यालयका अनुसार अमायरा वस्त्रालयका सञ्चालक चन्दन गुप्ताले विजक जारी नगरी कपडाको कारोबार गर्दै गलत विवरण बुझाएर राजस्व चुहावट गरेका छन् ।
आयकरतर्फ १ करोड ६५ लाख ६० हजार ५९३, मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ ५८ लाख ३७ हजार ६८३, कूल बिगोः २ करोड २३ लाख ९८ हजार २७६ राजस्व अनुसन्धान कार्यालयले बिगो असुलउपर गरी बिगो बराबर जरिवाना (४ करोड ४७ लाख ९६ हजार ५५३) र कैद सजायको माग गर्दै मुद्दा दायर गरेको छ ।
शिवशान्ति कन्स्ट्रक्सनविरुद्ध २९ लाख ९९ हजार बिगोको दाबी वीरगञ्ज महानगरपालिका–१६ स्थित शिवशान्ति कन्स्ट्रक्सनका सञ्चालक सञ्जयकुमार कुर्मीले दोहोरो रसिदमार्फत कारोबार गरी राजस्व चुहावट गरेको आरोप लागेको छ ।
आयकरतर्फ १९ लाख ६० हजार १५१, मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ १० लाख ३९ हजार ६३, कूल बिगोः २९ लाख ९९ हजार २१४ राजस्व अनुसन्धान कार्यालयले बिगोबराबर जरिवाना (५९ लाख ९८ हजार ४२८) र कैद सजायको माग गर्दै मुद्दा दायर गरेको छ ।

# १६ क्यारेट सेतो अण्डा नष्ट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अवैध ढङ्गले भित्रिने अण्डा, चल्ला, तयारी कुखुरा, कुखुराको मासु, क्रेट, कार्टुन र भ्याक्सिनको ओसारपसार नियन्त्रण गर्न प्रदेशस्थित उच्चपदस्थ सुरक्षा अधिकारीलाई निर्देशन दिएयता सशस्त्र प्रहरी बलले अवैध रूपमा आयातीत सेतो अण्डा बरामद तथा नष्ट गर्ने क्रमलाई तीव्र बनाएको छ ।
त्यसयता सशस्त्र प्रहरी बलले प्रदेशका आठवटै जिल्लामा दैनिकजसो सेतो अण्डा बरामद गरी नष्ट गर्नेगरेको सशस्त्र प्रहरी बल मधेस प्रदेश छिन्नमस्ता बाहिनी नम्बर २ मुख्यालयका प्रमुख एवम् सशस्त्र प्रहरी नायब (डिआइजी) महानिरीक्षक कालीदास धौवजीले बताए ।
बुधबार सिरहाबाट २४ क्यारेट, सर्लाहीबाट ३२ क्यारेट र रौतहटबाट ४० क्यारेट गरी ९६ क्यारेट सेतो अण्डा बरामद गरिएको छ ।
डिआइजी धौवजीले सशस्त्र प्रहरी बलले नियमित रूपमा गर्दै आएको सेतो अण्डा ओसारपसार नियन्त्रण कार्यलाई अभियानकै रूपमा अगाडि बढाएको बताए ।
भारतबाट अवैध रूपमा भित्रिने त्यस्ता वस्तुका कारण व्यवसायमा समस्या भएको, भारतका विभिन्न प्रान्तमा देखापरेका बर्डफ्लु भित्रिने जोखिम उच्च रहेकाले पोल्ट्रीजन्य पदार्थको अवैध आयात नियन्त्रण गर्नुपर्ने भन्दै नेपाल लेयर्स कुखुरापालक सङ्घले बुधबार मुख्यमन्त्री सिंहको ध्यानाकर्षण गराएको थियो ।

# परीक्षा दिइरहेकी छात्रा अचानक बेहोस

**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा माध्यमिक शिक्षा परीक्षा (एसइई) चलिरहँदा बिहीबार छैटौँ दिन ऐच्छिक प्रथम विषयको परीक्षामा एक जना छात्रा बेहोस भएकी छन् ।
जिल्लाको सदरमुकाम कलैयास्थित महावीर नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ब्रम्हपुरी परीक्षा केन्द्रमा परीक्षा दिइरहेकी विनिका बस्नेत बेहोस भएकी हुन् ।
बस्नेतलाई प्रादेशिक अस्पताल कलैयामा उपचार गराइएको हो ।उनको स्वास्थ्यमा पहिलादेखि नै समस्या रहेको परिवारले जनाएको छ ।
बस्नेत जितपुरसिमरा उपमहानगरपालिका–१६ स्थित जनजागृति माध्यमिक विद्यालयमा अध्ययनरत छात्रा रहेको जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले जानकारी दिए ।
उपचारपछि सामान्य अवस्था भएपछि उनलाई परीक्षामा सामेल गराइएको र परीक्षाको लागि ३० मिनेट अतिरिक्त समय प्रदान गरिएको प्रजिअ अधिकारीले बताए । त्यस्तै, कलैया – ६ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय मर्दशा परीक्षा केन्द्रका एक जना निरीक्षकलाई जिम्मेवारीबाट हटाइएको छ ।
प्रजिअ अधिकारीको अध्यक्षतामा बसेको एसईई परीक्षा समन्वय समितिको बैठकले निरीक्षक बबी चौधरीलाई जिम्मेवारीबाट हटाउन निर्देशन दिइएको हो ।
परीक्षाको मर्यादा विपरीत कार्य गर्ने निरीक्षक चौधरीलाई हटाइएको जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले जानकारी दिए । परीक्षा केन्द्रका केन्द्राध्यक्ष मनोजकुमार साहलाई सचेत गराइएको उनले बताए ।

# नि:शुल्क शल्यक्रिया शिबिर सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
रूंगटा वेलफेयर सोसाइटी तथा रिलिफ सोसाइटी अफ कमर्सको संयुक्त आयोजनामा कानको निःशुल्क शल्यक्रिया (अप्रेशन) शिबिर सम्पन्न भएको छ ।
वीरगंज महानगरपालिका वडा नम्बर–१४ गण्डक बहुअरीस्थित इम्प्याक्ट नेपाल रूंगटा वेलफेयर कान उपचार केन्द्र पर्सामा सम्पन्न भएको हो ।
रिलिफ सोसाइटी अफ कमर्स पर्सा वीरगंजका अध्यक्ष योगेन्द्र प्रसाद यादवको अध्यक्षतामा भएको शिविरको समाजसेवी एवम् वरिष्ठ उद्योगी मुर्लीधर रुङगटाले उद्घाटन गरेका थिए । रिलिफ सोसाइटी अफ कमर्स वीरगंजका उपाध्यक्ष नारायण रुङटा, प्रतीक दैनिकका प्रकाशक जगदीश प्रसाद शर्मा, साहित्यकार एवम् उद्योगी गणेश लाठ, सामुदायिक प्रहरी सेवा केन्द्र कुम्हालटोलका अध्यक्ष रमेश चौधरी, पूर्वअध्यक्ष अशोक कुमार लाठ, प्रोफेसर डा. विमल कुमार सिन्हा, पशुपति विक्रम राणा, उषा शाह लगायतको सहभागिता रहेको थियो ।
चैत ११ गतेदेखि १४ गतेसम्म सञ्चालन भएको शिविरमा ११० जनाको निशूल्क रुपमा कान परीक्षण गरिएको छ । जसमध्ये ९० जनाको निशुल्क शल्यक्रिया गरिएको रिलिफ सोसाइटी अफ कमर्स वीरगंजका महासचिव निरज अग्रवालले जानकारी दिए ।

# अनुमतिबिना सञ्चालित चिनियाँ भाषा कक्षा बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
एक महिनादेखि रौतहटको चन्द्रपुरमा अनुमतिबिना सञ्चालित चिनियाँ भाषा कक्षा बन्द भएको छ ।
पर्यटक भिसामा आएका चिनियाँहरुले चन्द्रनिगाहपुर आसपासमा भाषा कक्षा सञ्चालनका लागि शंकास्पद गतिविधिसमेत गरेको भन्दै गुनासो आएपछि प्रशासनले बन्द गराएको हो ।
चन्द्रपुरको वडा नम्बर–१० र ६ मा भाषा कक्षा सञ्चालनमा थियो ।
बालचनपुरस्थित तेली समाज धर्मशाला, चन्द्रनिगाहपुरस्थित ईभा खाजाघर र डाबरी जाने बाटोमा अनुमति नलिएरै चार वटा कक्षा सञ्चालित हुँदै आएका थिए ।
यसको जानकारी पाएपछि ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी राजकुमार राईले चिनियाँ पर्यटकलाई नियन्त्रणमा लिएर सोधपुछ गरी कक्षा बन्द गराएका थिए ।
उनीहरुले बुधबारबाट सबै कक्षा बन्द गराएको डिएसपी राईले जानकारी दिए ।
चिनियाँ भाषाको कक्षा बन्द गराएपछि उनीहरुलाई चन्द्रनिगाहपुर छाड्न भनिएको थियो ।

# गणतन्त्र संस्थागत गर्नुपर्छ: पूर्वमन्त्री

**मधेशदृष्टि**
**बारा ।**



पूर्वमन्त्री विशुवेन्द्र पासवानले गणतन्त्र संस्थागत गर्ने कुरामा जोड दिएका छन् । सदरमुकाम कलैयामा पत्रकारहरुसँग कुरा गर्दै पूर्वमन्त्रीसमेत रहेका पासवानले अहिले संघीयता, गणतन्त्र, सामाजिक न्याय, समानता र समावेशिताको मुद्दालाई प्राथमिकतामा राखेर सबै गणतन्त्रवादी शक्तिहरु एक थलोमा उभिनुको विकल्प नरहेको बताए ।
अब पनि मुलुकमा कुनै तानाशाही व्यवस्था नेपाली जनताले स्वीकार गर्ने पक्षमा नरहेको बताउँदै पासवानले श्रीमान, श्रीमती र छिमेकीसँग एकाध घन्टा बोलचाल नहुँदैमा सम्बन्ध नटुट्ने बताए । उनले गणतन्त्रको बिरोधमा ज्ञानेन्द्र शाह र यिनका आसेपासेलाई झुठा प्रचार नगर्न सुझाए ।
नेपालको परिवर्तन स्वयम नेपाली जनताले नै गर्ने इतिहास साक्षी रहेको हुँदा देशको निजी मामिलामा विदेशी शक्तिहरुलाई नेपालको संविधान र गणतन्त्रको विपक्षमा चलखेल नगर्न पासवानले चेतावनी दिए ।
दलहरुप्रति जनताको निरासालाई आसामा बदल्ने गरी मुलुकको मुहार फेर्दै देशमा शान्ति, अमनचयन कायम गर्दै विधिको शासनलाई कार्यान्वयन गर्नेतिर गणतन्त्रवादी शक्तिहरु एकजुट हुनुपर्ने आवश्यकता रहेको पासवानले भने ।
अहिले मुलुकमा विभिन्न बहानामा जातीय छुवाछुत तथा भेदभाव राज्य तथा गैर राज्यबाट हुने गरेको हुँदा दलित समुदायमाथि हुने सबैखाले विभेद अन्त्य गर्न सरकारसँग मागसमेत पासवानले गरे ।

## सम्पादकीय

# अदालतको फैसलापछि पनि अवरोध

वीरगंज बचाउ सङ्घर्ष समिति संघर्षमै उत्रिएको छ। उसले बिहीबार वीरगंजको गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक विस्तार विरोधमा मुख्य सडक (मेनरोड) खण्डका व्यापारिक पसल बन्द गरेर बिरोध जनाएको हो। सर्वोच्च अदालतले सडक विस्तारविरुद्ध परेको रिट खारेज गरेसँगै सडक डिभिजन हेटौँडाले यस खण्डमा पर्ने सडक सीमाङ्कन गर्न चैत ८ गते पत्राचार गरेपछि विरोधको स्वर ठूलो हुँदै गएको पाइएको छ । पत्राचारसँगै स्थानीयलाई आन्दोलनको रौनकले छोएको छ। वीरगंजका मुख्य व्यापारिक क्षेत्रका बजार दिउँसो १२ बजेसम्म बन्द गरेर विरोध जारी छ। वीरगंज बचाउ सङ्घर्ष समितिका संयोजक तथा वीरगंज महानगर–९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ता नै यो आन्दोलन नेतृत्व गरिरहेका छन् । उनको तर्कमा सर्वाेच्च अदालतको पूर्णपाठ नआउँदै डिभिजन सडक हेटौँडाले सडकको सीमाङ्कनका लागि पत्राचार गरेकाले सबै काम छाडेर फुर्सद निकालेर पहिला आन्दोलन गर्नु परेको हो । फैसलाको पूर्णपाठ नआउँदै सीमाङ्कनका लागि पत्राचार भएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको उनको भनाइमा स्थानीयको साथ छ। ऐतिहासिक वीरगंजको व्यापारिक क्षेत्र नामेट पार्न खोजिएकामा उनीहरुको ठूलो चिन्ता छ। यसैले स्थानीय घरधनी तथा व्यापारी एकजुट भएर आन्दोलन शुरु भएको छ।

बजारको सडक विस्तार गरिए गण्डक पुलदेखि मितेरीपुलसम्म एक हजार एक सयभन्दा धेरै घरधनीको उठिबास हुने अवस्था छ। आन्दोलनको मूल विषय यही हो। सकभर अदालत देखाएर तर्साउने, नभए सडक अवरुद्ध पारेर भए पनि घर भत्काउन रोक्ने रोग वीरगंजको मात्र होइन, नेपालका सबै शहरका वासिन्दाको पुरानै बानी हो। सडक विस्तार भए एक हजार एक सय घरमध्ये पाँच सय घरधुरीको त एक हात पनि जग्गा नरहने अवस्था छ। विकासका नाममा सडक विस्तार गरेर जनतालाई सकुम्बासी बनाउने काम सरकारको होइन भन्ने उनीहरुको तर्क छ। यो तर्कसम्मत भए पनि क्षतिपूर्तिका लागि, मुआब्जाका लागि र स्थानान्तरणका लागि स्थानीय, प्रदेश र केन्द्र सरकारलाई दबाब दिने कार्यक्रम भने देखिएको छैन। वीरगंज महानगर–६ का महेशराम चौरसिया सडक विस्तारले चार धुरको घरसहित जग्गा एक हात पनि नरहने भन्दै चिन्तामा छन्। उनीजस्ता एक हजार एकयको एउटै चिन्ता यही नै हो। पहिलाको सडक विस्तारले साढे दुई धुर जग्गा गुमाइसकेका उनलाई फेरि सडकमै पुग्ने भय छ। यसैले सडक आसपासका २५ मिटर सडक विस्तार अववैज्ञानिक, जनतामारा, विकासका नाममा विनाश गर्ने भन्ने उनको तर्क गलत पनि होइन। जहाँ जीवनका उर्वर समय बिते, त्यहाँबाट रित्तो हात निस्कन को नै तयार हुन्छ र ?

वीरगंजको महावीर मन्दिरसँगै घर रहेका सञ्जीव शर्मा सडक विस्तार भए पाँच जनाको परिवार बिचल्ली हुने बताउँछन्। वडाध्यक्ष गुप्ताले आर्दशनगरबाट विरोध प्रर्दशनीसहित जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने काम गरेका छन्। सडक डिभिजन हेटौँडाका डिभिजन प्रमुख गुरूप्रसाद अधिकारीले सर्वोच्च अदालतको पूर्णपाठ आउनु अगावै त्रिभुवन राजपथ अन्रतगत पर्ने गण्डकचोक– पावरहाउस– घण्टाघर– बिर्ता–रजतजयन्तीचोक–मितेरी पुलसम्मको सडक सीमा २५–२५ मिटरको क्षेत्र सीमाङ्कन गर्न पत्राचार गरेका हुन्। यो उनको काम हो । विगतमा यही काम गर्न खोज्दा अदालत देखाइएपछि अदालतको आदेशपछि काम अघि बढाउने उनको अधिकारक्षेत्र हो। तर स्थानीय सरकारका वडाध्यक्षहरु नै यसमा आन्दोलन जगाइरहेका छन् । फागुन २८ गते सर्वाेच्च अदालतले वीरगंजको मुख्यसडक विस्तारविरुद्ध रिट खारेज गरेपछि वीरगंजको सडक विस्तार हुने सपनामा फेरि आन्दोलनको आगो झोसिएको छ। सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले फागुन २८ गते रिट निवेदकको पाँच वटै रिट खारेज गरेसँगै डिभिजन सडक कार्यालय हेटौँडालाई वीरगंजको सडकखण्डको सडक दायाँबायाँ २५ मिटर चौडा गर्ने बाटो खुले पनि जनताको यसमा विमति देखिएको छ।

# जनकपुरधाम धार्मिकस्थल कि फोहोरस्थल ?



ऋषिकेश यादव

“

*जानकी मन्दिरको मार्बल फुटिसकेको छ तर त्यो मार्बल फेर्नुपर्छ भनेर सम्बन्धित निकायलाई ध्यान छैन। एक हिसाबले उसले कानमा तेल हालेर नै बसेको भन्दा पनि हुन्छ। जनकपुरधाममा रहेका पोखरीको पनि राम्रोसँग व्यवस्थापन गरिनु पर्छ। जनकपुरलाई राम्रोसँग सफा राख्न सकियो भने यहाँ पर्यटकको आगमन पनि बढ्ने नै हुन्छ। सङ्घीय सांसद जुलीकुमारी महतोले पनि यस विषयमा ध्यान दिनु पर्छ भनेकी छिन्। जनकपुरलाई फोहोरबाट मुक्त गर्नका लागि तीनवटै तहको सरकारले ध्यान दिनुपर्छ।*



प्राचीनकालमा जनकपुर मिथिलाको राजधानी थियो । जनकपुरलाई राजा जनकको भूमि भनेर पनि चिनिन्छ । जनकपुर एक धार्मिकस्थल हो । जनकपुरमा यस्ता धेरै चर्चित मन्दिर छन् तर जानकी मन्दिरलाई विशेष गरेर भारतबाट होस् या नेपालकै अन्य भूभागबाट धेरै मानिस घुम्न वा दर्शन गर्न आउँछन्।

जनकपुर धार्मिकस्थल भएको हुनाले स्थानीय सरकारले वा यहाँको स्थानीय बुद्धिजीवीले जनकपुरको सरसफाइमा पनि ध्यान दिनु पर्छ। चुनावमा आफ्नो एजेन्डा जनकपुर एउटा धार्मिकस्थल हो र यहाँ सरसफाइलाई विशेष ध्यानमा राखेर जानु पर्छ भनेर त चुनाव त जिते तर सरसफाइको वाचा भने पूरा गर्न सकेका छैनन्। धार्मिकस्थल फोहोर हुनु भनेको जनकपुर फोहोर हुनु हो । होटलबाट निस्केको फोहोर, अस्पतालबाट निस्केको फोहोर वा घरबाट निस्केको फोहोर मानिसले सडकमै फाल्दिने गरेका छन्।

बाह्रबिघा नजिकै रहेको प्रादेशिक अस्पतालबाट निस्किने फोहोर पनि त्यहीँ नै फालिने गरेको छ । यस्तै रङ्गभूमि मैदान पनि फोहोर नै हुन्छ। दिनहुँ वडा कार्यालयबाट गाडी फोहोर उठाउन आउँछ तर पनि फोहोर सडकमै यत्रतत्र नै हुन्छ। जनकपुरमा नालालाई अन्डरग्राउड गरिएको छ तर नाला बनाउने बेला राम्रोसँग नबनाएको हुनाले वर्षाको मौसममा नाला जाम भएर सडकमा नालाको पानी आउँछ र शहर अरु दुर्गन्धित र पैदल यात्रुका लागि कष्टकर बन्छ।

जानकी मन्दिरको मार्बल फुटिसकेको छ तर त्यो मार्बल फेर्नुपर्छ भनेर सम्बन्धित निकायलाई ध्यान छैन। एक हिसाबले उसले कानमा तेल हालेर नै बसेको भन्दा पनि हुन्छ । जनकपुरधाममा रहेका पोखरीको पनि राम्रोसँग व्यवस्थापन गरिनु पर्छ। जनकपुरलाई राम्रोसँग सफा राख्न सकियो भने यहाँ पर्यटकको आगमन पनि बढ्ने नै हुन्छ। सङ्घीय सांसद जुलीकुमारी महतोले पनि यस विषयमा ध्यान दिनु पर्छ भनेकी छिन्। जनकपुरलाई फोहोरबाट मुक्त गर्नका लागि तीनवटै तहको सरकारले ध्यान दिनुपर्छ । तल दिएका बुँदालाई पनि विशेष ध्यान दिन सकिए फोहोर व्यवस्थापन हुनसक्छ।

१. डम्पिङ साइट निर्माण
२. पार्किङ व्यवस्था
३. सार्वजनिक शौचालय व्यवस्थापन

विशेषगरी जनकपुर उपमहानगरपालिकाले अझ फोहोर व्यवस्थापनमा बढी ध्यान दिनुपर्छ । जनकपुरलाई अब धार्मिकस्थलका रुपले मानिसले चिन्न थालिसकेका छन्।

जनकपुर उपमहानगरपालिकाले जनकपुरमा रहेका विभिन्न पोखरीको सौन्दर्यमा पनि ध्यान दिनुपर्ने बेला भएको छ। जनकपुरको चर्चित पोखरीः रत्नसागर, गंगासागर, धनुषा सागर, दूधमतीको सौन्दर्यमा ध्यान दिइनुपर्छ। तीनवटै तहका सरकारको समन्वय आवश्यक देखिन्छ । निष्कर्षमा जनकपुरलाई सफा राख्नु हामी सबैको कर्तव्य हो । जनकपुरलाई एउटा ठाउँ मात्रै होइन अब मधेश प्रदेशको राजधानी र पर्यटकीयस्थल भनेर पनि चिनिने भएकाले हामी पक्कै गम्भीर हुन सक्नु पर्छ। यो हाम्रो इज्जतको विषय हो र सभ्यता संरक्षणको दायित्व पनि हो।

–राजर्षि जनक विश्वविद्यालय

# गर्मीमा उखुको जुस



गोपाल प्रसाद बराल

*एक हजार रुपैयाँमा प्रतिक्विन्टलमा उखु पाइने गरेको छ। प्रतिक्विन्टल १ सय रुपैयाँ उखु छिल्न खर्च हुने गरेको छ। महोत्तरी, सर्लाही र धनुषामा उखुखेती बढी हुने भएकाले यहाँ कच्चा पदार्थ (उखु) खोज्न भौंतारिनु नपर्ने भएकाले पनि आफूहरू सहज हुने गरेको व्यापारीहरूको भनाइ छ। उखुको रस स्वास्थ्यका लागि पनि गुणकारी र कुनै अखाद्य वस्तुको मिसावट नहुने भएकाले पनि गर्मीयाममा यसको माग बढ्ने गरेको छ। बजारमा पाइने अन्य पेयपदार्थभन्दा उखुको जुसको स्वास्थ्यका दृष्टिले पनि लाभदायक हुने हुँदा तराई मधेशमा उपभोक्ताको रोजाइमा पर्ने गरेको छ।*



तराई मधेशमा बिस्तारै गर्मी बढ्दै गएको छ । मौसम परिवर्तन, जलवायु परिवर्तनको असरका कारण अघिल्ला वर्षभन्दा पछिल्ला वर्षहरू निरन्तर ताता हुँदैछन् । यस वर्ष त झन् सुक्खा हिउँदको असरस्वरुप गर्मी बढ्ने भन्दै आमनागरिक चिन्तित छन् तर यहाँका उखुको जुस व्यापारी भने उत्साहित हुँदै महोत्तरीका बजार क्षेत्रका चोकचोकमा देखिन थालिसकेका छन् । गौशाला–५ का मोहम्मद साबिर चैत लागेसँगै दैनिकजसो करिब एक क्विन्टल उखु पेलेर जुस बेच्न थालेको र गर्मी बढ्दै जाँदा व्यापार पनि थपिँदै गएको बताउनुहुन्छ । ‘अहिले राम्रो बिक्री छ, कुनैकुनै बेला त ग्राहकको भीड नै लाग्छ,’ बर्दिबासचोक र आसपास ठेलामा घुमन्ते व्यापार गर्दै आएका उहाँले भन्नुभयो, ‘मध्याह्नपछि जुस खोज्ने बढी हुन्छन्। चैत लागेयता दैनिक करिब एक क्विन्टल उखु पेलेर बेच्ने गरेको छु।’

धेरै जाँगर र आँट चल्ने युवा उमेर विदेशमा बिताएका ४० वर्षीय साबिरले उखुको जुस बेच्न थाल्नुभएको एक वर्षमात्र भयो । यसै अवधिमा जहान परिवार, चार छोराछोरीको शिक्षादीक्षासहित विदेश जाँदा लागेको तीन लाख रुपैयाँ भन्दा बढी ऋण तिरेको उहाँले सुनाउनुभयो । ‘गर्नेलाई त यही ठाउँ रहेछ नि ! के गर्नु पहिले विदेश गएर के के न गरौँला भन्ने लाग्यो, तीनपटक गरेर १२ वर्ष मलेसिया र कत्तारमा बिताइयो । ऋणको भारी बोकियो,’ साबिर भन्नुहुन्छ, ‘उता हण्डरठक्कर खाएपछि, ठगिएपछि बल्ल यहाँ केही गर्ने होस खुल्यो । अहिले यहाँको मेहनतबाट प्राप्त उपलब्धिले पहिले नै किन बुद्धि आएन छ भन्ने सोच्छु । राम्रै भइरहेको छ ।’ उखुको जुसको व्यापारबाट महिनामा करिब ५० हजार रुपैयाँसम्म कमाइ हुने गरेको उहाँको भनाइ छ।

बर्दिबास चोकबजार क्षेत्रमा हाल साबिरजस्ता १५–१६ जनाले यस्तै व्यापार गर्न थालेका छन् । जसमा विदेश गएर फर्किएकाहरू नै बढी छन् । तीमध्येका एक हुनुहुहुन्छ धनुषाको मिथिला नगरपालिकाका पञ्चलाल साह। बर्दिबासचोकमा जुस बेच्ने गरेका उहाँले भन्नुभयो, ‘दलालको पछि लागेर विदेश गइयो, ऋणले थिच्यो, उता भनेको काम पाइएन। यहाँ फर्किएपछि यही काम गरिरहेको छु। अबभने आफ्नो ठाउँ छोडेर कतै जाने सोच छैन।’

पछिल्ला दुई वर्षदेखि यही काम गरिरहेको बताउने साहले छ जनाको परिवारको लालनपालनसहित मासिक ३० हजार रुपैयाँसम्म बचाइने गरेको बताउनुभयो। आफ्नो ठाउँमा सानो लगानीमा सुरु गर्न सकिने उद्यम छाडेर विदेश धाएको विगत सम्झेर अचेल पछुतो मात्रै लाग्ने गरेको उहाँको भनाइ छ । गर्मी बढेसँगै बर्दिबासमात्र नभएर जिल्लाका गौशाला, रामगोपालपुर, औरही र सदरमुकाम जलेश्वरमा पनि उखुको जुसको व्यापार फस्टाउँदो छ । यस्तो व्यापारमा लागेकाहरू आफ्नो गाउँठाउँभन्दा छिमेकका बजारमा रमाउने गरेका छन्। ‘छन् त हाम्रै ईश्वरपुर र लालबन्दीमा पनि जुसको राम्रो व्यापार छ तर आफूलाई चिनेको क्षेत्रमा भन्दा अलि पर काम गर्दा खुलेर गर्न पाइँदो रहेछ,’ सर्लाहीको ईश्वरपुर नगरपालिकाको श्रीनगरका २१ वर्षीय विक्कीकुमार साह भन्नुहुन्छ, ‘आफ्नो ठाउँमा सघाउनेभन्दा टिप्पणी गर्ने बढी हुन्छन्, त्यसैले घरबाट १५–१६ किलोमिटर यता बर्दिबास रोजेको हुँ ।’ विदेश जान राहदानी ठिक्क पारिसकेका उहाँ कसैले ऋण नपत्याएपछि यस काममा लागेको र हाल यसैमा सन्तुष्ट रहेको सुनाउनुहुन्छ। ‘मलाई कसैले ऋण नपत्याएर ठिकै भएछ, पत्याएको भए त खै कुन देशमा कस्तो अवस्थामा हुन्थे ! अचेल आफ्नै देशमा रमाइरहेको छु । ऋणको भारले थिचिनु परेको छैन, आम्दानी पनि ठिकै छ,’ साहले खुसी व्यक्त गर्नुभयो।

औरही बजारमा व्यापार गर्ने भङ्गाहा–३ का समिम कवारी पनि गर्मी बढेसँगै व्यापारसमेत बढ्ने भन्दै खुसी हुनुहुन्छ। ‘उखुको व्यापार राम्रै हुन्छ तर गर्मी बढेपछि झनै माग बढ्छ । गर्मी भोग्दा त समस्या नै हुन्छ तर व्यापार पनि हुने भएकाले हाम्रा लागि त यो अवसरका रूपमा आउँछ । यसबाट हुने कमाईसँगै परिवारसँग बसेर खुसी साट्न पाउँला निकै रमाइलो लाग्छ,’ उहाँले भन्नुभयो। ठेला र मोटर जडानमा दुई लाख रुपैयाँ जति लगानी गरेमा आफ्नै व्यापार गर्न पाइने भन्दै यसमा लागेका प्रायः सबैजसो व्यापारीहरू खुसी व्यक्त गर्छन्। त्यसैमा उधारोमा उखु किनेर जुसबाट भएको आम्दानीबाट त्यसको मूल्य चुक्ता गर्न पाइने हुँदा पनि यो व्यवसाय थप सहज हुने गरेको छ। यहाँ एक हजार रुपैयाँमा प्रतिक्विन्टलमा उखु पाइने गरेको छ। प्रतिक्विन्टल १ सय रुपैयाँ उखु छिल्न खर्च हुने गरेको छ । महोत्तरी, सर्लाही र धनुषामा उखुखेती बढी हुने भएकाले यहाँ कच्चा पदार्थ (उखु) खोज्न भौंतारिनु नपर्ने भएकाले पनि आफूहरू सहज हुने गरेको व्यापारीहरूको भनाइ छ। उखुको रस स्वास्थ्यका लागि पनि गुणकारी र कुनै अखाद्य वस्तुको मिसावट नहुने भएकाले पनि गर्मीयाममा यसको माग बढ्ने गरेको छ । बजारमा पाइने अन्य पेयपदार्थभन्दा उखुको जुसको स्वास्थ्यका दृष्टिले पनि लाभदायक हुने हुँदा तराई मधेशमा उपभोक्ताको रोजाइमा पर्ने गरेको बर्दिबास नगरपालिका, स्वास्थ्य शाखा प्रमुख सुरेश पासवान बताउनुहुन्छ। रासस

# मन्त्री यादव र नेपालका लागि जापानका राजदूतबीच भेटवार्ता



काठमाडौँ ।
खानेपानीमन्त्री प्रदीप यादव र नेपालका लागि जापानका राजदूत माएदा तोरुबीच बिहीबार शिष्टाचार भेटवार्ता भएको छ । भेटवार्तामा मन्त्री यादवले जापानका लगानीकर्तालाई नेपालमा लगानीका लागि थप प्रोत्साहन गर्न आग्रह गरेका थिए ।

मन्त्री यादवले नेपालको विकासका प्राथमिकताका क्षेत्रमा जापानी लगानी भित्र्याउने अपार सम्भावना रहेको बताउँदै जापानका लगानीकर्तालाई नेपालमा लगानी गर्न प्रेरित गर्नुपर्नेमा जोड दिए । उहाले भने, 'नेपाल सरकारले विदेशी लगानीकर्ताको लगानीको सुरक्षा सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । जापानी लगानीकर्तालाई नेपालमा लगानी गर्न सहज वातावरण बनाउन हामी कटिबद्ध छौँ ।'

मन्त्री यादवले नेपाल–जापान सम्बन्ध ऐतिहासिक रुपमा प्रगाढ रहेको उल्लेख गर्दै सन् १९५६ मा स्थापना भएको कूटनीतिक सम्बन्ध यतिखेर थप बलियो र मैत्रीपूर्ण बन्दै गएको उल्लेख गरे । उनले भने, 'भूकम्पलगायत विभिन्न प्राकृतिक विपद्मा जापानी जनता, सरकार, गैरसरकारी संस्था र विश्वविद्यालयबाट प्राप्त सहयोगप्रति नेपाल सरकार तथा नेपाली जनता आभारी छन् । नेपालले सदैव जापानसँगको आपसी हित र सहकार्यलाई उच्च महत्तव दिँदै आएको छ ।'

मन्त्री यादवले जापान सरकारले विगतदेखि नेपालका खानेपानी परियोजनामा महत्त्वपूर्ण सहयोग गर्दै आएको उल्लेख गर्दै सन् १९७६ देखि पाल्पाको तानसेन खानेपानी परियोजना, सन् १९९३ मा काठमाडौँको महाङ्कालचौरमा पानी प्रशोधन केन्द्र निर्माण तथा सन् २०१८ मा मेलम्ची खानेपानी आयोजनाअन्तर्गत प्रशोधन केन्द्र निर्माणमा जापानी अनुदान रहेको जानकारी गराए । त्यस्तै, पोखरा महानगरपालिकाको खानेपानी सुधार परियोजना तथा हाले विराटनगर महानगरपालिकामा सञ्चालित खानेपानी सुधार कार्यमा पनि जापान सरकारको सहयोग रहेको भन्दै उनले जापान सरकारलाई विशेष धन्यवाद दिएका थिए ।

सोही अवसरमा राजदूत तोरुले जापान सरकार नेपालमा विगतदेखि विभिन्न विकासका परियोजनामा संलग्न रहँदै आएको बताउँदै आगामी दिनमा पनि नेपालमा शिक्षा, स्वास्थ्य, खानेपानीलगायत क्षेत्रमा निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'नेपाल र जापानबीचको मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउने उद्देश्यले हामी नेपाल सरकारसँग सहकार्य गर्दै जानेछौँ ।'
रासस

# प्रतिनिधिसभाको बैठक शुक्रबार बस्ने

काठमाडौँ ।
प्रतिनिधिसभाको बैठक शुक्रबार बिहान ११ बजे बस्ने गरी स्थगित भएको छ ।

बिहीबार बिहान ११ बजेका लागि तय भएको बैठक अपराह्न २ बजे बस्ने गरी सारिएको थियो ।

सभामुख देवराज घिमिरेले बैठक सञ्चालनका विषयमा प्रमुख राजनीतिक दलका सचेतकसँग छलफल गरेपनि निष्कर्ष ननिस्केपछि बैठक सूचना टाँस गरेर शुक्रबार बिहान ११ बजेसम्मका लागि स्थगन गरिएको हो ।

सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेले विशेष कारणले निर्धारित समयमा बैठक बस्न नसक्ने भएकाले सभामुखले समय परिवर्तन गर्नुभएको जानकारी दिए ।

नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा (एकीकृत समाजवादी)लगायतका विपक्षी दलले कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकबाट हटाएको विषयमा प्रधानमन्त्रीले सदनमा आएर जवाफ दिनुपर्ने माग राखेका छन् ।
रासस

# सरकारको निर्णय बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट

काठमाडौँ ।
नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदबाट आफूलाई हटाउने सरकारको निर्णय बदरको माग गर्दै कुलमान घिसिङले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका छन् ।

सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेकाअनुसार बुधबार पेस भएको घिसिङको रिट निवेदन बिहीबार दर्ता भएको हो । सो विवादमा आगामी शुक्रबार सुनुवाइ हुने जनाइएको छ ।

रिट निवेदनमा भनिएको छ, 'नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्ति गर्ने निर्णय र सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी उपरोक्त निर्णय एवम् पत्र र कारबाहीको आधारमा निवेदकलाई नियुक्ति मितिदेखि चार वर्षको अवधि अगावै सेवाबाट हटाउने कार्य नगर्नु र सेवामा रही नियमित कामकाज गर्न नरोक्नु नरोकाउनु, कुनै बाधा व्यवधान नगरी यथावत काम कारवाही गर्न दिनु ।'

चार महिना कार्यकाल बाँकी रहँदा गत सोमबारको मन्त्रिपरिषद् बैठकले घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरी हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको थियो ।
रासस

# भरतपुरमा जापानको योकोसुका सिटीका प्रमुखसहितको टोली

चितवन ।
जापानबाट भरतपुर महानगरपालिका भ्रमणका लागि आएको योकोसुका सिटीका प्रमुखसहितको टोलीलाई भरतपुर महानगरपालिकाले स्वागत गरेको छ । योकोसुका सिटीका प्रमुख (मेयर) कामिजी क्यात्सुअकिसहितको टोलीलाई बिहीबार महानगर प्रमुख रेनु दाहाल र उपप्रमुख चित्रसेन अधिकारीले स्वागत गरेका हुन् ।

जापानबाट आएको कामिजीसहितको १० जनाको समूहलाई स्वागत गर्दै महानगरप्रमुख रेनु दाहालले नेपाल र जापानबीच १ सेप्टेम्बर, १९५६ मा दौत्य सम्बन्ध सुरु भई सद्भावपूर्ण सम्बन्ध, आपसी समझदारी तथा नेपालको पूर्वाधार र विकासका साथै अन्तर्राष्ट्रिय मञ्चमा सहकार्य हुँदै आएको बताइन् । दाहालले नेपाल र जापानबीचको सम्बन्ध आगामी दिनमा जनस्तरमा प्रगाढ र सुदृढ बन्ने विश्वास व्यक्त गरिन् ।

प्रमुख दाहालले सन् २०२३ मार्च ६ देखि १५ सम्म जापान भ्रमण गरेकी थिइन् । सो क्रममा भरतपुर महानगरपालिका र योकोसुका सिटीबीच आपसी हितको उद्देश्यले समझदारी भएको थियो । भरतपुर महानगरपालिकाले फोहर मैला व्यवस्थापनमा जापानको सहयोगको अपेक्षा गरेको प्रमुख दाहालले बताइन् ।

योकोसुका सिटीका प्रमुख कामिजीले भरतपुरको पर्यटन प्रवद्र्धनमा सहयोग गर्ने बताए । जापानमा काम गर्न इच्छुक नेपाली नागरिकको अवस्थाबारे प्रत्यक्ष बुझ्न र जापानी भाषाको पढाइबारे प्रत्यक्ष हेर्न पाएको उनले जानकारी दिए ।
रासस

# 'कार्बन बिक्रीबापत प्राप्त रकम विपन्न नागरिकको हितमा परिचालन गर्नुपर्छ'

काठमाडौँ ।
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले कार्बन बिक्रीबापत प्राप्त भएको रकम गरिब र विपन्न वर्गका नागरिकको हितमा परिचालन गर्नुपर्ने बताएका छन् ।

वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रले बिहीबार आयोजना गरेको 'ऊर्जा आयोजनामा कार्बन वित्त, लगानीका अवसर' विषयक गोष्ठीमा उनले कार्बन बिक्रीबापतको रकम गरिब, आर्थिक अवस्था कमजोर भएका, पिछडिएका वर्गका नागरिकको हितमा परिचालन गर्नुपर्नेमा जोड दिए ।

'कार्बन कोषमार्फत दुरदराजमा रहेका गरिब, विपन्न र पिछडिएका जनताका लागि सोलारसहित मिटर राखिदिएमा स्थानीयलाई आम्दानीको वातावरण निर्माण हुन्छ । यो कार्यले सरकारले राखेको विपन्न नागरिकलाई समृद्ध बनाउने लक्ष्यमा सहयोग पुग्नेछ,' उनले भने । कार्बन उत्सर्जन न्यूनीकरणमा साझा प्रयासको खाँचो रहेकामा जोड दिए ।

ऊर्जामन्त्री खड्काले सरकारका अङ्गले सरकार र मुलुकलाई सहयोग गरी जनहितमा काम गर्नुपर्ने बताए । 'प्रचारप्रसार गरेर होइन, काम गरेर स्थापित हुने काम गरौँ, अनुशासित भएर काम गर्नेलाई सरकारले सम्मान पनि गर्नेछ', उनले भने ।

उनले नेपाल जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताको पक्ष राष्ट्र भएको जनाउँदै नेपालले सन् २०४५ सम्ममा खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिलसम्बन्धी दीर्घकालीन रणनीति लिएको सन्दर्भमा स्वच्छ ऊर्जा रुपान्तरणको माध्यमबाट उक्त लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

ऊर्जामन्त्री खड्काले सरकारले आफ्ना नीति, रणनीति, योजना तथा लक्ष्यमार्फत नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनमार्फत हरितगृह उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्यलाई विशेष प्राथमिकता दिँदै आएको उल्लेख गरे । सरकारले हालै स्वीकृत गरेको 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१' मा नेपालले अघि सारेका स्वच्छ ऊर्जा र जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय लक्ष्यमा नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रुपान्तरणलाई उच्च प्राथमिकता दिइएको उनले बताए ।

मार्गचित्रले लिएका लक्ष्य सन् २०४५ सम्म खुद शून्य कार्बन उत्सर्जनसम्बन्धी दीर्घकालीन लक्ष्य, दोस्रो राष्ट्रिय निर्धारित योगदान, १६औँ योजनालगायत राष्ट्रिय लक्ष्य एवं अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग सम्बन्धित रहेका उनले जानकारी दिए । मन्त्री खड्काले कार्बन वित्त परिचालनमा सम्पूर्ण सरोकार भएका संस्थाबीच प्रभावकारी र परिणाममुखी सहकार्य आवश्यक रहेकामा जोड दिए ।

ऊर्जामन्त्री खड्काले हालै राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पेस भएको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयकलाई प्रतिनिधिसभाबाट पारित गराई ऐनका रुपमा कार्यान्वयन गराउने कार्यलाई उच्च प्राथमिकतामा राखिएको उल्लेख गरे ।

राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा. आरपी विच्छाले कार्बन व्यापारमार्फत नेपालले धेरैभन्दा धेरै फाइदा लिनेगरी काम गर्नुपर्ने बताए । उनले सबैको स्वामित्व हुने गरी कार्बन बिक्रीको लागि संरचना बनाएर नेपालले अधिक फाइदा लिन लाग्नुपर्नेमा जोड दिए ।

प्रा.डा. विच्छाले कार्बन व्यापारमा निजी क्षेत्रलाई समेट्न सके नेपालले अधिकतम फाइदा लिनसक्ने धारणा राखे ।
रासस

# पीडितलाई न्याय दिने विषयमा सबै दल एक मतः सभापति देउवा

काठमाडौँ ।
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सशस्त्र द्वन्द्वका पीडितलाई न्याय दिने विषयमा सबै दलको एक मत रहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय न्यायिक आयोगसहित सशस्त्र द्वन्द्व पीडित संलग्न सङ्घसंस्थाले बिहीबार आयोजना गरेको 'सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलन'मा उनले विस्तृत शान्ति सम्झौताको मर्मअनुसार न्याय दिने विषयमा एकमत भएको बताए ।

'सत्य उजागर गरेर न्याय दिलाउन र पीडितलाई न्याय दिने विषयमा दलहरूबीच एकै मत रहेको छ,' पूर्वप्रधानमन्त्रीसमेत रहेका देउवाले भने, 'शान्ति प्रक्रियाको मर्मअनुसार पीडितलाई न्याय र पीडकलाई सजाय दिने विषयमा हामी प्रष्ट छौँ ।'

उनले सङ्क्रमणकालीन दुवै आयोगमा पदाधिकारी छनोट गर्न सरकारले सिफारिस अघि बढाइसकेकाले पदाधिकारी विश्वसनीय र सक्षम भएमा द्वन्द्वपीडितले न्याय पाउने विश्वास व्यक्त गरे ।



नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले दलबीच सैद्धान्तिक रुपमा अन्य विषयमा विमति भएपनि शान्ति प्रक्रियालाई निष्कर्षमा पु–याउने विषयमा सबै दल एक भएको बताए ।

उनले द्वन्द्वकालीन पुराना घटनालाई बिर्सिएर क्षमादान दिने विषय उठेको भएपनि पीडितली न्यायको अनुभूति नभएसम्म शान्तिप्रक्रिया सफल भएको मान्न नसकिने बताए ।

'अहिले पनि दलबीच तमाम विवादित विषय छन्,' दाहालले भने, 'सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पु–याउने विषयमा सबै दलको एक मत छ ।'

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले मुलुकमा राजनीतिक परिवर्तन भएपनि विस्तृत शान्ति सम्झौताअनुसार पीडितले न्याय पाउन ढिलाइ भएको बताए ।

द्वन्द्व प्रभावित मुलुक भनेर रातो चिन्ह लगाएको हेर्न मन नभएको उल्लेख गर्दै उनले शान्ति प्रक्रियालाई छिटो निष्कर्षमा पु–याउनुपर्नेमा जोड दिए ।

द्वन्द्व पीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीले शान्ति प्रक्रियाको काम पूरा गर्न सबै राजनीतिक दलको ध्यान जानुपर्ने र पदाधिकारी छनोट प्रक्रिया पारदर्शी, स्वतन्त्र हुनुपर्ने माग गरे ।

अन्तर्राष्ट्रिय न्यायिक आयोगका वरिष्ठ कानुनी सल्लाहकार मन्दिरा शर्माले विश्वसनीय आयोग गठन गरी पीडितलाई न्याय दिनुपर्ने र संशोधित कानुनमा नसमेटिएका विषय व्यवहारमा कार्यान्वयन गरेर जानुपर्ने बताइन् ।

सरकारले दुई आयोगमा पदाधिकारी छनोट गर्न यही चैत १२ गते पुरानै सिफारिस समितिलाई निरन्तरता दिने निर्णय गरेको छ । यसअघि, सिफारिस समितिले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी छनोट गर्न नसकेपछि कानुनअनुसार स्वतः निष्क्रिय भएको थियो । दुई महिनाभित्र सिफारिस समितिले काम पूरा गर्नुपर्ने कानुनी व्यवस्था छ । अहिले दुवै आयोग पदाधिकारीविहीन छन् । सम्मेलनमा देशभरका १६० द्वन्द्वपीडितको सहभागिता छ ।
रासस

# नचाहिएको विषयमा अत्तो थापेर सदन अवरुद्ध गरिएको छः प्रधानमन्त्री

ललितपुर ।
प्रधानमन्त्री केपी शर्मा ओलीले नचाहिएको विषयमा अत्तो थापेर विपक्षीबाट सदन अवरुद्ध गरिएको बताएका छन् ।

महिला उद्यमी महासंघको आठौँ अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेलाको बिहीबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले गैह्रविषयलाई मुद्दा बनाएर एक निकायको कर्मचारी हेरफेरको सवालमा सदन अवरुद्ध गर्न नहुने बताए ।

उनले यही चैत १८ गतेभित्र जारी अध्यादेशहरूलाई प्रतिस्थापन गर्ने विधेयक पारित गर्ने गरी तयारी भइरहेको अवस्थामा त्यसलाई प्रभावित पार्ने गरी सदन अवरुद्ध गर्न लागेकामा चिन्ता व्यक्त गरे ।



'वर्षौंसम्म त्यही निकायमा काम गरेको सक्षम मान्छेलाई जिम्मेवारी दिइँदा प्रशंसा गर्नुपर्नेमा त्यो नगरी प्रशंसा नगर्नुपर्नेलाई झुटो प्रशंसा गरिएको छ । गाली नगर्नुपर्नेलाई गाली गरिएको छ ।'

प्रधानमन्त्री ओलीले भने, 'आन्दोलनका नाममा के के हुँदैछ भनेर आतङ्क सृजना गर्न खोजिएको छ । चैत १५ गते काठमाडौँका दुई स्थानमा हुने भनिएको जुलुस र सभा हुन्छ । सकिन्छ । हुने त्यत्ति हो । यसलाई तिललाई पहाड बनाउनुपर्ने केही छैन ।'

प्रधानमन्त्री ओलीले औपनिवेशिक र सामन्तवादी स्थितिले सिङ्गै नेपाली समाज पछाडि परेको र त्यसमा पनि महिलाहरूलाई झन् पछाडि पारिएको स्थितिमा सङ्घर्ष र बलिदानको परिणामबाट समाज परिवर्तन र विकासको यात्रामा अघि बढेको बताए ।

उनले पञ्चायती शासनकालमा निकै पछाडि परेको मुलुक अहिले चौतर्फी विकासको क्रममा अघि बढेको र खासगरी आफूले सरकारको नेतृत्व गरेका समयमा ठूला र रणनीतिक महत्वका आयोजना अघि बढेकाले निराश हुनुपर्ने अवस्था नरहेको स्पष्ट गरे ।

बिहीबारदेखि चैत १८ गतेसम्म ललितपुरको हेरिटेज गार्डेनमा चल्ने मेलामा महिला उद्यमीद्वारा उत्पादित नेपाली वस्तुहरुको प्रदर्शनी राखिएको छ ।
रासस

# नेप्से परिसूचक ४१ अङ्कले बढ्यो

**काठमाडौँ ।**
यो साता कारोबारको अन्तिम दिन पुँजीबजारमा उल्लेख्य सुधार देखिएको छ । बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४१ दशमलव ४३ अङ्कले बढेर २ हजार ६ सय ६३ दशमलव ३० को विन्दुमा कायम भएको हो । यो एक दशमलव ५८ प्रतिशतको वृद्धि हो । बिहीबार ३ सय ९ कम्पनीको ९७ लाख ७२ हजार एक सय ९६ कित्ता शेयर ५५ हजार चार सय ४२ पटक खरिदबिक्री हुँदा पाँच अर्ब २२ करोड ३० लाख ८३ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।
बिहीबार सबै समूहको उपसूचक हरियो देखिएको छ । व्यापार समूह सबैभन्दा बढी छ दशमलव नौ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ९०, विकास बैंक एक दशमलव १०, वित्त एक दशमलव ३०, होटल तथा पर्यटन शून्य दशमलव ४४, जलविद्युत् एक दशमलव शून्य नौ र लगानी समूह दुई दशमलव २० प्रतिशतले बढेको छ ।
त्यस्तै जीवन बिमा एक दशमलव ७१, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९२, लघुवित्त दुई दशमलव २२, म्युचुअल फण्ड शून्य दशमलव ३७, निर्जीवन बिमा शून्य दशमलव ८५ र अन्य समूह एक दशमलव ७४ प्रतिशतले बढेको छ ।
बिहीबारको कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड र श्रीजनशील लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी कुमारी सबल योजनाको शेयर मूल्य एक दशमलव ८२ प्रतिशतले घटेको छ ।
कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको ५१ करोड १८ लाख १७ हजार सात सय १४ बराबरको पाँच लाख आठ हजार आठ सय ६० कित्ता शेयर किनबेच भएको छ ।
रासस

# नेपालको जलविद्युत्मा लगानी गर्न भारतीय ठूला कम्पनी तयार



**काठमाडौँ ।**
लगानी र प्रतिफल सुनिश्चित भएमा भारतीय व्यापारिक घरानाले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न आफूहरु तयार रहेको बताएका छन् । भारतस्थित नेपालको राजदूतावास र भारतीय हरित ऊर्जा महासङ्घको संयुक्त आयोजना तथा स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान)को संस्थागत सहभागितामा नयाँ दिल्लीमा आयोजित 'नेपाल–भारत इनर्जी समिट'मा सहभागी भारतका व्यावसायिक घरानाले, नेपालमा भारतीय लगानीको नीतिगत सुरक्षा हुनुपर्नेमा जोड दिए । उनीहरुले लगानी गरेपछि प्रतिफलको सुनिश्चितता, सहज रूपमा लगानी फिर्ता लिन पाउनुपर्नेलगायत जलविद्युत् आयोजनाले सामना गर्नुपरेका समस्या समाधानमा सरकारले सहजीकरण गर्नुपर्ने बताएका हुन् । नेपालमा ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभीएन)का आयोजना निर्देशक सुशील शर्माले नेपालमा काम गर्न वन, जग्गा प्राप्ति, भन्सार र सडकको समस्या रहेकाले ती समस्या समाधानमा सरकारले सहजीकरण गरिरहेको उल्लेख गरे । एसजेभीएनले २१७ किलोमिटर लामो प्रसारणलाइन निर्माण गरिरहेको र सरकारको सहयोग रहेकाले ९०० मेगावाटको आयोजना तीन वर्षमै ८४ प्रतिशत सम्पन्न भएको उनको भनाइ छ । अरुण–३ मा ३४ हजार करोड भारतीय रुपैयाँ लगानी गरेर २५ वर्षपछि सरकारलाई हस्तान्तरण गरिने भएकाले यसले नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुग्ने उनको दाबी थियो । यो आयोजनाले भारतीय लगानीकर्तालाई नेपालमा आकर्षित गर्ने शर्माले बताए ।
अडानी ग्रुपका उपाध्यक्ष जयरमन पुनिधानले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न कम्पनीले राम्रा आयोजनाको खोजी गरिरहेको बताए । विश्वभर २७ हजार ३०० मेगावाट विद्युत् उत्पादनका लागि अडानी ग्रुपले 'एमओयू' गरेको जानकारी दिँदै उनले अडानीको प्राथमिकतामा छिमेकी मुलुक र क्षेत्रीय ऊर्जा बजार रहेको उल्लेख गरे ।
भारतीय ऊर्जा मन्त्रालयका अतिरिक्त सचिव आकाश त्रिपाठीले नेपाल र भारतबीच एक हजार मेगावाट विद्युत् आदानप्रदानको संरचना तयार भइसकेको र ८ हजार मेगावाट विद्युत् आदानप्रदान गर्ने क्षमताका चारवटा प्रसारणलाइन निर्माणाधीन भएकाले नेपालमा उत्पादित विद्युत् भारत निर्यातका लागि समस्या नहुने बताए ।
उत्तर भारत हाइड्रोपावर कम्पनीका कार्यकारी निर्देशक नरेश गोयलले नेपाल सरकारले प्रशासनिक अवरोध हटाएर लगानीको वातावरण बनाइदिएमा भारतीय लगानीकर्ता नेपालमा लगानी गर्न तयार रहेको बताए ।
भारतका लागि नेपाली राजदूत डा. शंकर शर्माले नेपाल सरकारले अघि सारेको सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादनको लक्ष्य प्राप्तिका लागि दूतावासले सम्मेलन आयोजना गरेको बताए । उनले भारतीय लगानीकर्ताले नेपालमा आयोजनाको स्वामित्व किनेर वा 'जोइन्ट भेन्चर'मा पनि काम गर्न सक्ने जानकारी दिए ।
रासस

# नवलपरासीमा आल्मुनियम रड उत्पादन गर्ने उद्योग सञ्चालन

**नवलपरासी ।**
पश्चिम नवलपरासीको रामग्राम नगरपालिका–१६ हकुईमा आल्मुनियम रड उत्पादन उद्योग सञ्चालनमा आएको छ । लिट्मस इन्डस्ट्रिज लिमिटेडले एक कार्यक्रम आयोजना गरी नेपालमा पहिलो पटक आल्मुनियम रड उत्पादनको औपचारिक सुरुवात गरेको हो ।
कार्यक्रमलाई उद्घाटन गर्दै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले स्वादेशी उत्पादनको प्रयोग बढाउन नीतिगत व्यवस्था गर्नुपर्नेमा जोड दिँदै यसका लागि तीनै तहको सरकार योजनाबद्ध रूपमा अघि बढ्नुपर्ने धारणा राखे । उद्योगलाई प्रभावकारी रूपमा सञ्चालन गरेमा स्थानीयस्तरमा रोजगारीका अवसर सृजना हुनुका साथै आर्थिक समृद्धि हासिल गर्न सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।
तीनै तहका सरकारबीच सहकार्य र समन्वय आवश्यक पर्ने बताउँदै राउतले यसका लागि रचनात्मक र सृजनात्मक कार्यक्रममार्फत अगाडि बढ्नुपर्नेमा जोड दिए । स्वादेशी उत्पदानको क्षमता बढाउन विभिन्न नीतिलाई अगाडि सारिएको जनाउँदै उनले यो उद्योगले नेपाली बजारमा हुने आल्मुनियम आयात प्रतिस्थापन तथा न्यूनीकरण गर्दै स्वदेशी उत्पादनमा आत्मनिर्भर र समुन्नत बनाउने विश्वास व्यक्त गरे ।
हाल नेपालमा तार, केबललगायत निर्माणमा प्रयोग हुने आल्मुनियम रड आयातमार्फत आपूर्ति हुँदै आएको उद्योगका प्रबन्ध निर्देशक रोहित गुप्ताले बताए । उनका अनुसार चार अर्बमा सञ्चालित यस उद्योगले आल्मुनियम रडको आयात परनिर्भरतालाई घटाउनुका साथै देशभित्र उच्च गुणस्तरीय रड निर्माण हुनेछ ।
देशभित्र आल्मुनियम रडको खपत क्षमता आठ हजार टन रहेको बताउँदै गुप्ताले यस उद्योलगे २० हजार टन उत्पदान गर्ने लक्ष्य लिएको जानकारी दिए । नेपालसहित भारत र तेस्रो मुलुकसम्म रड निर्यात गर्ने लक्ष्य लिइएको उनले जानकारी दिए । रासस

# महिला एसियन कप–२०२६ छनोटः नेपाल समूह एफमा

**काठमाडौँ ।**
एसियाली फुटबल महासङ्घ (एएफसी) महिला एसियन कप–२०२६ छनोटमा नेपाल समूह 'एफ'मा परेको छ । महासङ्घले मलेसियाको क्वालालम्पुरस्थित एएफसी हाउसमा बिहीबार सार्वजनिक गरेको समूह विभाजनमा नेपाल 'एफ'मा परेको हो ।
नेपालको समूहमा उज्बेकिस्तान, लाओस र श्रीलङ्का छन् । आगमी जुन महिनामा समूह 'एफ'को छनोट खेल उज्बेकिस्तानमा हुनेछ । नेपालले आफ्नो समूहमा शीर्षस्थान हात पार्न सके पहिलो पटक एसियन कप खेल्नेछ ।
एएफसी महिला एसियन छनोटमा विभिन्न ३४ देशलाई आठ समूहमा विभाजन गरिएको छ । जसमा हरेक समूहको विजेताले अष्ट्रेलियामा हुने एसियन कप खेल्नेछन् । एसियन कप सन् २०२६ मार्चमा अष्ट्रेलियामा हुँदैछ ।
रासस


## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, व्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

### तपसिल

| १. ऋणीको नाम र ठेगाना |
|---|
| क) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०६० साल कार्तिक महिना ३० गते रोज १ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. १९६६५/०६०/६१, अन्तर्गत दर्ता कायम भएको तथा वीरगंज १२, पर्सा कार्यालय रहेको **श्री शंकर साह उपेन्द्र कुमार ।** |
| **कर्जाको सुरक्षण विवरण** |
| क) राम नरेश प्रसाद सर्राफको छोरी, शंकर साह सोनारको बुहारी ,उपेन्द्र कुमार सर्राफको पत्नी ,जिल्ला पर्सा ,वीरगंज वडा नं.१८ बस्ने(ना.प्र.नं. १४५६ ,जारी मिति २०५४/०३/३०, जि.प्र.का. पर्सा) बर्ष ५४ की सुष्मा देवी सर्राफको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज उ.म.न.पा. वडा नं. १२ स्थित रहेको किता नं. १६ र जिल्ला पर्सा वीरगंज वडा नं. १० स्थित रहेको किता नं. २२७ को जम्मा क्षेत्रफल क्रमश **३८.२० र १६९.३० वर्ग मिटर** को घरजग्गा । |
| **व्यक्तिगत जमानीकर्ताहरु :** |
| क) शंकर साह सोनारको नाती, उपेन्द्र कुमार शर्राफको छोरा, जिल्ला पर्सा, वीरगंज नं.१८ बस्ने (ना.प्र.न.३४-०१-७१-०१०३८,जारी मिति २०७१/०२/०२ ,जि.प्र.का. पर्सा) बर्ष २९ को **रजत शर्राफ ।** <br> ख) राम अशोक प्रसादको छोरी ,उपेन्द्र कुमार सर्राफको बुहारी ,रजत सर्राफको पत्नी, वीरगंज वडा नं.१५ बस्ने(ना.प्र.नं. ३४-०१-७७-००२८० ,जारी मिति २०७७/०३/२२, जि.प्र.का. पर्सा) बर्ष २८ **की राज नंदनी कुमारी ।** <br> ग) राम नरेश प्रसाद सर्राफको छोरी ,शंकर साह सोनारको बुहारी, उपेन्द्र कुमार सर्राफको पत्नी, वीरगंज म.न.पा वडा नं.१५ बस्ने (ना.प्र.नं. १४५६ र जारी मिति २०५४/०३/३०, जि.प्र.का पर्सा) बर्ष ५६ की **सुष्मा देवी सर्राफ ।** <br> घ) रामफल साहको नाती, शंकर साह सोनारको छोरा, जिल्ला पर्सा, वीरगंज नं. १८ बस्ने (ना.प्र.न.१६०३१६४६८ , जारी मिति २०३९/११/०२, जि.प्र.का. पर्सा) बर्ष ६१ को **उपेन्द्र कुमार शर्राफ ।** |
| **नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |

| | |
|---|---|
| Corporate Development Bank Ltd.<br>कर्पोरेट डेभलपमेन्ट बैंक लि.<br>first choice - financial friend<br>नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था | **प्रधान कार्यालयः**<br>**गीता मन्दिर रोड, वीरगंज,पर्सा**<br>**फोन नं. ०५१-५३१०३१**<br>शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज<br>ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।<br>टेडारोड, चोर्नी, (जीतपुर) । |



**मधेश प्रदेश**
**महोत्तरी जिल्ला**
**पिपरा गाउँपालिका वडा नं मा ४.**
**फोहरमैला व्यवस्थापन केन्द्रको**

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति२०८१/१२/१४

पिपरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पिपरा, महोत्तरीद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पिपरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>पिपरा, महोत्तरी, मधेश प्रदेश, नेपाल<br>सम्पर्क नं.: ०४४-५४८०४७<br>वेवसाइटः www.piparamun.gov.np<br>ईमेल :info@piparamun.gov.np |
| प्रस्तावको व्यहोरा | फोहरमैला व्यवस्थापन केन्द्र निर्माण तथा संचालन<br>कुल क्षेत्रफल : २.७२०५ हेक्टर<br>वार्षिक फोहर व्यवस्थापन क्षमता : १४०० |
| प्रभाव पर्ने सक्ने जिल्ला/गा.पा. | महोत्तरी जिल्ला/पिपरा गाउँपालिका वडा नं.४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न पिपरा गाउँपालिका वडा नं.४ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पिपरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>पिपरा, महोत्तरी, मधेश प्रदेश, नेपाल<br>सम्पर्क नं.: ०४४-५४८०४७<br>वेवसाइटः www.piparamun.gov.np<br>ईमेल :info@piparamun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | सेल्सियस इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि.<br>बुढानिलकण्ठ नगरपालिका-१०,<br>काठमाण्डौ, नेपाल<br>फोन नं. :९८६२५८०५४५ |

# छिम्केश्वरीलाई पर्यटकीय गन्तव्यस्थल बनाउन पहल



**दमौली ।**
जिल्लाको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरीलाई पर्यटकीय गन्तव्यस्थल बनाउन पहल थालिएको छ । समुन्द्री सतहबाट दुई हजार १३४ मिटर उचाइमा अवस्थित छिम्केश्वरीमा पर्यटकीय गतिविधि बढाउन र यहाँका स्थानीयवासीको आर्थिकस्तर उकास्ने उद्देश्यसहित यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थल बनाउन पहल थालिएको हो ।

आँबुखैरेनी गाउँपालिका–५ मा अवस्थित छिम्केश्वरीमा हाल वार्षिक एक लाख पर्यटक आउने गरेको तथ्याङ्क छ । गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले यहाँ आवश्यक पर्यटकीय पूर्वाधार निर्माण गरी धेरै पर्यटक भित्र्याउने लक्ष्य राखेर काम अगाडि बढाइएको जानकारी दिए ।

'हामी छिम्केश्वरीको एकीकृत पर्यटकीय विकासमा जुटेका छौँ । त्यसका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरेर अगाडि बढ्छौँ', उनले भने, 'गाउँपालिकाले छिम्केश्वरीमा पूर्वाधार निर्माण गरेर समग्र गाउँपालिकाको विकास योजना अगाडि बढाएका छौँ । यसमा सङ्घीय, प्रदेश, स्थानीय तहको सरकारको साझेदारी, आमजनताको सहभागिता र निजी क्षेत्रको लगानी अपेक्षा गरेका छौँ ।'

अध्यक्ष चुमानले छिम्केश्वरीमा सडक असुविधा, खानेपानी अभाव, विद्युत् समस्या, मोबाइल टावर नभएका जस्ता समस्या क्रमशः निराकरण हुँदै जाने र सडक सञ्जाल स्तरोन्नतिका क्रममा रहेको बताए । यस्तै, खानेपानीको बजेट स्रोत सुनिश्चित भएर विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर ठेक्का लगाउने प्रक्रियामा रहेको छ । अध्यक्ष चुमानले भने, 'वडा नं ४, ५ र ६ लाई समेटेर एकीकृत छिम्केश्वरी खानेपानी आयोजना अगाडि बढाउन डिपिआर भइरहेको छ । त्यो काम सकिएपछि मन्त्रालयबाट ठेक्का आह्वान हुनेछ ।' खानेपानीका लागि करिब १० करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ ।

यस्तै, छिम्केश्वरीमा टेलिकमको टावर नहुँदा सञ्चार सम्पर्कमा समस्या हुँदै आएकाले त्यसको समाधानका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग र विद्युत् पहुँच नपुग्दा सोलारबाट काम चलाउनुपर्ने अवस्था अन्त्यका लागि विद्युत् प्राधिकरणसँग समन्वय भइरहेको जनाइएको छ । यहाँ पर्यटकीय क्रियाकलाप बढाउन मन्दिर नजिकै बूढीमाईमा ध्यानगृह बनाउने लक्ष्यसमेत राखिएको छ । छिम्केश्वरी पर्यटन विकास समितिका अध्यक्ष कृष्णमान तामाङले यी सबै योजना सम्पन्न भएमा हाल वार्षिक रूपमा एक लाख पर्यटक आउने गरेकामा त्यो सङ्ख्या निकैबढ्नेविश्वासव्यक्त गरे ।

यहाँ रहेको छिम्केश्वरी मन्दिर गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीको पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ । सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई यसै क्षेत्रमा अवस्थित छन्भने साइली गोरख कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । यसका साथै यस स्थानबाट धौलागिरि, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रेलगायत हिमाल हेर्न सकिन्छ । यस मन्दिरमा पुग्नका लागि गण्डकी प्रदेश सरकारको सहयोगमा पैदलमार्ग र रेलिङ निर्माण भइसकेको छ । आर्थिक वर्ष ०७५÷७६ मा ४१ लाख ६३ हजार ७०६ को लागतमा ४८६ मिटर ढुङ्गाको सिँढी निर्माण सम्पन्न गरिएको थियो भने आर्थिक वर्ष ०७६÷७७ मा ३५ लाख ९९ हजार १४१ को लागतमा ३०५ मिटर ढुङ्गाको सिँढी र रेलिङ निर्माण सम्पन्न गरिएको थियो । रासस

# गाउँगाउँमा सडक स्तरोन्नति भएपछि नागरिक उत्साहित



**इलाम ।**
सूर्योदय–१ मकरजुङका ९३ वर्षीय तुलसीराम अधिकारीलाई आँगन छेउको बाटो कालोपत्र भइरहेको देख्दा सपना जस्तै लागिरहेको छ । सडक छेउमा उभिएर स्तरोन्नति भइरहेको सडक नियाल्दै अधिकारीले भन्छन्, 'हाम्रो गाउँको बाटो यतिको काइदा हुन्छ भन्ने कल्पना पनि थिएन । सपना हो कि विपना हो जस्तो लागिरहेको छ ।'

उनीमात्र होइन हिलो, धुलो र खाल्डाखुल्डीले आजित भएका यहाँका सबैजसो नागरिक स्थानीय सरकारले सडक स्तरोन्नति हुन थालेपछि उत्साहित देखिएका छन् । सूर्योदय नगरपालिकाका प्रत्येक वडामा एक–एकवटा 'अल वेदर' सडक छन् । वडाका सबै गाउँमा जोडिने बाह्रमासै सञ्चालन हुने 'अल वेदर रोड' लाई प्राथमिकतामा राखेर स्तरोन्नति सुरु गरेको नगरपालिकाले यतिबेला ती सडक कालोपत्रको चरणमा पु¥याएको छ । गाउँमा सडक धमाधम कालोपत्र हुन थालेका छन् ।

सूर्योदय नगरपालिकामा १३ दशमलव पाँच किलोमिटर सडक कालोपत्र, ८३ दशमलव आठ किलोमिटर ग्राभेल र ६६८ दशमलव ९३ किलोमिटर माटेबाटो गरी यहाँ ३३३ वटा स्थानीय सडक रहेका छन् । ती सडकलाई 'ए', 'बी', 'सी' र 'डी' मा वर्गीकरण गरिएको नगरपालिकाका सिभिल इञ्जिनियर कविन सापकोटाले बताए ।

उनका अनुसार नगरपालिकाभित्र स्ट्राटेजिक रोड नेटवर्क (एसआरएन) अन्तर्गतका ठूला तीन सडक छन् । यसमा मेची राजमार्ग, फिक्कल–पशुपतिनगर र छिपिटार–श्रीअन्तु सडकको कालोपत्र ४८ दशमलव २० किलोमिटर, ग्राभल दुई दशमलव ४५ किलोमिटर र माटेबाटो दुई दशमलव ४१ किलोमिटर पर्छ । सूर्योदयमा 'डिस्ट्रिक्ट रोड केयर नेटवर्क' (डिआरसिएन) अन्तर्गत १० दशमलव ८३ किलोमिटर कालोपत्र, १६ दशमलव १२ किलोमिटर ग्राभल र ३६ दशमलव ५६ किलोमिटर माटेबाटो रहेका छन् ।

नगरपालिकाले आफ्नो नगरभित्रका सडकलाई १२ महिना सवारीसाधन सञ्चालन गर्ने गरी निर्माण गर्ने योजनाअनुसार चार वर्षअघि नगरस्तरीय सडक सञ्जाल गुरुयोजना बनाएको थियोे । गुरुयोजनाअनुसार २८ वर्षमा नगरभित्रका सडक निर्माण भइसक्ने उल्लेख छ ।

सडकको व्यवस्थित र योजनाबद्ध तरिकाले निर्माण गरी जनताको जीवनस्तर सुधार गर्न नगरस्तरीय सडक सञ्जाल गुरुयोजना बनाइएको नगरप्रमुख रणबहादुर राईले बताए । 'पुरानै शैलीमा सडक निर्माणका काम गरिए नगरभित्रका सडक पूरै ग्राभेल गर्न १२८ वर्ष लाग्ने देखियो', उनले भने, 'जनताका घरमा पुग्ने सडक व्यवस्थित रूपमा स्तरोन्नति गर्ने कामका लागि गुरुयोजना बनाएरै सडक पूर्वाधार निर्माणको सुरुवात गरेका थियौँ । अहिले काम धमाधम भइरहेका छन् ।'

स्थानीय तहको निर्वाचनपछि जनप्रतिनिधिले एक वडा एक ग्राभेल सडक निर्माणलाई प्राथमिकता दिएपछि सूर्योदयका १४ वटै वडाका एक÷एकवटा सडक ग्राभेल गर्ने काम हुँदै हाल कालोपत्रको चरण आएको नगरपालिकाका सिभिल इञ्जिनियर सापकोटाले बताए ।

नगरभित्रका सडक २७ वर्षभित्र ग्राभेल गर्नका लागि हरेक पाँच वर्षमा ५९ करोड खर्च गर्नुपर्ने भनिएको छ । यो रकम सडकको सर्भे, वातावरण संरक्षण, सडक चौडा र सडक स्तरोन्नतिमा लाग्ने खर्च हो । पाँच वर्षमा ५९ करोडको पाँच प्रतिशत वातावारण संरक्षण, पाँच प्रतिशत सर्भे डिजाइन, १५ प्रतिशत सडक चौडा र ७५ प्रतिशत सडक ग्राभेलमा खर्च हुने गुरुयोजनामा उल्लेख छ । अहिलेको दररेटअनुसार नगर क्षेत्रका सडक ग्राभेलका लागि तीन अरब २० करोड खर्च गर्नुपर्नेछ ।

गाउँ–गाउँमा सडक कालोपत्र हुन थालेपछि यहाँका कृषिउपज बजारसम्म पु¥याउन किसानलाई सहज भएको छ । सूर्योदय–१ का सन्तोष बजगाईं गाउँमा उत्पादित कृषिउपज सङ्कलन गरेर भारतीय सीमा क्षेत्र मानेभञ्ज्याङ बजारमा बिक्री गर्न लैजानुहुन्छ । पैदल यात्रा गर्न करिब तीन घण्टा लाग्नेमा सडक बनेपछि उहाँलाई बजार पुग्न सहज भएको छ ।

'बाटो अफ्ठ्यारो हुँदा घोडामा तीन–चार घण्टासम्म लाग्थ्यो । हाल बाटो सजिलो भएको छ । घोडाले नाल झार्छ भन्ने पीर छैन । बर्खामा पनि गाडीमा जान सकिने भएको छ', बजगाईंले भने ।

विगतमा भन्दा ग्रामीण क्षेत्रका किसानलाई बजार पुग्न, विद्यार्थीलाई विद्यालय आवतजावत गर्न र बिरामीलाई तत्काल अस्पताल पुग्न सजिलो भएको स्थानीयको भनाइ छ । किसानले दुःख गरेर उत्पादन गरेका कृषिउपजले सडक अभावकै कारण बजार नपाउने समस्याको अन्त्य भएको किसान बताउँछन् ।

'हामीले बाटो नहुँदा बर्खामा दुग्धजन्य उत्पादन खेर फालेका घटना पनि छन् । हाम्रा टमाटर बजारसम्म पुग्न नपाएर धेरै कुहिएका थिए । त्यो समस्याबाट मुक्ति पाएका छौँ', कृषक ख्यामराज रिजालले भने ।

नगरपालिकाले एक वडा एक अलवेदर सडकको अवधारणा ल्याएर सडक निर्माणका काम गर्दा सेवाग्राहीले लाभ लिन थालेको स्थानीय गोविन्द सापकोटा बताउँछन् ।

उपप्रमुख दुर्गाकुमार बरालले बाटो बनाउन मेसिन प्रयोग गरेर काम देखाउने र जनताको आँखामा भ्रम छर्ने परम्परागत तरिकालाई हटाएर दिगो विकासको मोडलमा पालिका अघि बढेको बताए ।

'माटो र बाटोमात्र विकास हो भन्ने परम्परागत भाष्यलाई परिवर्तनका लागि आर्थिक, सामाजिक, वातावरण र सुशासन क्षेत्रको विकासका लागि समानान्तर रूपमा योजना तथा कार्यक्रम अघि बढाइएका छौँ', उनले भने, 'पूर्वाधार आयोजनाको गुणस्तर सुनिश्चतताका लागि नगरपालिकामा नै पूर्वाधार परीक्षण प्रयोगशाला स्थापना गरी गुणस्तर सुनिश्चितताका साथै आन्तरिक आयको दायरा बढेको छ ।'

यहाँका किसानले चियापछि धेरै दुग्ध उत्पादन गर्ने गरेका छन् । चियालाई स्थानीय उद्योगमा पु¥याउन, दुग्धलाई डेरीमा लैजान र आलु, अलैँची, अदुवा, स्कुस, साग, टमाटरजस्ता कृषि उत्पादनलाई बजार पु¥याएर बिक्री गर्न बाह्रमासे सडकले ठूलो राहत पुगेको छ । भारतसँग जोडिएको मानेभञ्ज्याङ, पशुपतिनगर र फाटकसहित स्थानीय, फिक्कल, हर्कटे, आइतबारे, गोर्खेलगायत बजार यहाँका मुख्य व्यापारस्थल जान पनि अचेल सहज भएको छ । यी बजारमा पुग्न विगतमा कतिपय गाउँबाट एक घण्टादेखि पाँच घण्टासम्मको पैदल बाटो हिँड्नुपर्ने बाध्यता सडक संरचनाको पहुँचपछि हट्दै गएको स्थानीय कृषक सरोज पोखरेलले बताए ।

नगरपालिकाले जनाएअनुसार नगरक्षेत्रका सडकमा सबैभन्दा बढी दुईपाङ्ग्रे मोटरसाइकल सञ्चालन हुँदै आएका छन् । नगरस्तरीय सडकमा ४५ प्रतिशत मोटरसाइकल, २६ प्रतिशत जिप कार, १७ प्रतिशत ट्र्याक्टर र १२ प्रतिशत ट्रक बस गुड्ने गरेका छन् । रासस

# समयमा काम नहुँदा दाउन्ने सडकखण्डको यात्रा कष्टपूर्ण

मध्यविन्दु (नवलपरासी) ।
नारायणगढ–बुटवल सडकखण्डअन्तर्गत दाउन्ने क्षेत्रको यात्रा निकै कष्ट पूर्ण बनेको छ । सडक विस्तारका क्रममा दाउन्ने क्षेत्रको राजमार्ग भत्काइँदा अहिले यो खण्ड भएर यात्रा गर्नु निकै कठिन चुनौतीपूर्ण रहेको छ ।

सडक विस्तारका क्रममा भत्काइएका संरचनाहरू समयमै पुनर्निर्माण नहुँदा यात्रुहरू दिनहुँ कष्ट भोग्न बाध्य छन् । सडकखण्डको अन्य क्षेत्रमा धमाधम कालोपत्र गरिए पनि दाउन्ने क्षेत्रमा भने उबड–खाबड सडक, साँघुरा घुम्ती, निर्माणका लागि बनाइएका अस्थायी डाइभर्सन र धुलाम्मे बाटोले यात्रालाई कष्टकर बनाएको हो ।



यात्रु जीवन ढकालले भने, 'दुम्कीवासदेखि दाउन्ने हुँदै बर्दघाटसम्मको बाटो निकै जोखिम पूर्ण छ । धुलो, धुवासँँगै दुर्घटनाको जोखिम पनि उत्तिकै छ । दाउन्नेको बाटो छिचोल्न चार घण्टा लाग्यो ।'

दाउन्ने खण्डमा धुलोका कारण दिउँसै 'हेड लाइट' बालेर हर्न बजाउँदै गाडीहरू गुडाउनुपर्ने बाध्यता छ । वैकल्पिक सडक नहुँदा यहाँ दिनहुँ सवारी जाम हुने समस्या उस्तै छ । फोन नलाग्ने, जङ्गल भएका कारण कहिलेकाहीँ यात्रु भोकभोकै बस्नुपर्ने अवस्था छ । दाउन्ने सडकको दुर्गति देखेर गाडी चालकहरू पनि हैरान छन् । ट्रक, बस, मोटरसाइकल सबैका लागि यो खण्ड जोखिमपूर्ण बनेको छ ।

चालक वसन्त खनाल भन्छन्, '१४ किलोमिटरको बाटो पार गर्न दुई–तीन घण्टा लाग्छ । लगातार धुलो खेप्नुपर्ने, गाडी हल्लिने र जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छ । प्रायः सङ्घीय राजधानी काठमाडौँबाट आउने र मुलुकका अन्य स्थानबाट काठमाडौँ जाने सवारीसाधन मध्यरातमा यहाँ पुग्दछन् । यो समयमा यात्रु र चालकले भोग्नुपर्ने सास्ती थप कष्ट पूर्ण हुने गरेको छ । बाटो नदेखिने गरी उड्ने धुलोका कारण दुर्घटनाको जोखिम पनि उस्तै छ', उनले भने ।

इलाका प्रहरी कार्यालय दुम्कीवासका प्रहरी नायब निरीक्षक लक्ष्मण तनगामी पनि समयमा सडक निर्माण नहुँदा यस क्षेत्रको यात्रा निकै कष्टपूर्ण रहेको सुनाए ।

'दाउन्ने खण्डको सडक साँघुरो, उकालो–ओरालो, घुमाउरो मोड, एउटा गाडी बिग्रियो वा अर्कोले लेन क्रस गरेर अगाडि जान खोज्यो भने घण्टौँ जाम हुन्छ', उनले भने, 'भिरसहितको साँघुरो सडक भएकाले सवारीसाधन बिग्रिएपछि व्यवस्थापन गर्न पनि समय लाग्ने हुँदा जामको समस्या बढी हुने गरेको छ । हामीलाई पनि ट्राफिक व्यवस्थापनमा उत्तिकै समस्या छ ।'

यस खण्डमा हाल सडक विस्तारको कामअन्तर्गत कल्भर्ट निर्माण र सडक चौडा बनाउने काम भइरहेको छ । दाउन्ने क्षेत्रमा अधिकांश बाटो एकतर्फी मात्र सञ्चालनमा छन् । एकतर्फी बाटोमा मालवाहक सवारीसाधन बिग्रँदा घण्टौँ आवागमन ठप्प हुने गरेको प्रहरी नायब निरीक्षक तनगामीले बताए ।

नारायणगढ बुटवल सडकखण्डको बढी जोखिमपूर्ण मानिने दाउन्ने क्षेत्रमा पनि घ्यू खोला र ८३ मोड बढी दुर्घटना हुने क्षेत्र मानिन्छन् । हिजोआज यो खण्डमा सानोठूला सवारी दुर्घटना हुने क्रम पनि बढेको छ', उनले भने ।

नारायणगढ बुटवल सडक आयोजना पूर्वी खण्डका सूचना अधिकारी इञ्जिनियर शिव खनालका अनुसार पूर्वी खण्डमा पर्ने ६५ किलोमिटर सडकमध्ये ४७ किलोमिटर एकतर्फी कालोपत्रको काम भएको छ । कल्भर्ट तथा बाँकी पुलको निर्माण, १३ स्थानमा बेस तथा सब–बेसका कामहरू भइरहेका छन् । दाउन्ने क्षेत्र पहाड भएकाले कटानको काम चलिरहेकाले यात्रा कष्टपूर्ण नैे छ । आयोजनाअन्तर्गत पूर्वी खण्डको अहिलेसम्मको भौतिक प्रगति ५७ दशमलव सात प्रतिशत रहेको उनले जानकारी दिए । निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङका सहव्यवस्थापक राकेश झाले सवारी आवागमनमा अवरोध कम गर्ने गरी निर्माण कार्य गरिएको दाबी गरे ।

हाल सडक विस्तारका लागि ६५० भन्दा बढी कामदार परिचालन गरेर काम भइरहेको छ । सडक आयोजनाको पूर्वी खण्डअन्तर्गत दाउन्ने क्षेत्रको सबैभन्दा कठिन पहाडी चट्टान कटान गसिकेका छौँ', उनले भने । उनकाअनुसार नारायणगढ–बुटवल सडकको ११४ किलोमिटरअन्तर्गत गैँडाकोटदेखि दाउन्नेसम्मको ६५ किलोमिटरमध्ये बजार क्षेत्रमा सर्भिस लेनसहित छ र दाउन्नेको जोखिमपूर्ण क्षेत्रमा १४ किलोमिटर खण्डमा तीन लेनको सडक विस्तारको काम चलिरहेको छ ।

१७ अर्ब रुपैयाँको लागतमा निर्माण शुरु भएको यस आयोजनामा समयमा काम नभएपछि हालसम्म तीनपटक म्याद थपिएको छ । तेस्रो पटक थप गरिएको म्याद २०८२ साउन ८ गते सकिने छ । रासस

# राइस मिलको जग्गा 'राजनीतिक मैदान'

**राकेश यादव**
**गौर ।**
रौतहट सदरमुकाम गौरको गौर राइस आयल एन्ड फ्लोर मिल्सको जग्गाको विवाह सल्टिएको छैन । वर्षौंदेखि सार्वजनिकरुपमा खेलकुद मैदानका रुपमा प्रयोग हुँदै आएको राइस मिलको जग्गा निःशुल्करुपमा नगरपालिकाले दानबापत लिन लागेको सार्वजनिक भएपछि दुई धार देखिँदा विवाद बढेको हो । नेपाली नागरिकको जग्गामा भारतीयले शेयर राखेर २००३ मा सञ्चालन गरेको मिलको जग्गा अधिग्रहण गर्ने कि सिधै सार्वजनिक गर्ने भन्ने विषयमा अन्यौलता देखिएपछि राजनीतिकरुपमा जग्गा चर्चा परिचर्चाको मुद्दा बनेको छ ।
२०३४ सालसम्म सञ्चालनमा रहेको मिल्सको जग्गा २०२१ सालमा सर्भे नापी आउँदा उद्योगका म्यानेजरका रुपमा कार्यरत तोरमल शर्माले जग्गा राइस मिलको नम्बरी भनी फिल्डबुकमा सहीछाप गरेको कागजातमा देखिन्छ । ५ बिघा १९ कट्ठा १९ धुर सर्भे हुँदा कायम जग्गा अहिलेको अवस्थामा १ बिघा १० कट्ठा भन्दा बढी अतिक्रमणमा परिसकेको र बाँकी जग्गा मोहीबाहेक भोगअनुसार २ बिघा १५ कट्ठा जग्गा खेलकुद मैदानका लागि दानमा लिन लागेको गौर नगरपालिकाका नगर प्रमुख शम्भु साह कानुले सार्वजनिक गरेपछि प्रतिपक्षी दलका नेताहरूले राइस मिलको



जग्गा बिक्री गर्न नपाइने भन्दै आन्दोलन गरे ।
पूर्व जनप्रतिनिधि, केही वर्तमान निर्वाचित जनप्रतिनिधि, नेकपा एमाले, नेपाली कांग्रेसका स्थानीय नेता कार्यकर्ताले नगरपालिकाको निर्णयविरुद्ध आन्दोलन गरेका थिए । पटकपटक चुनावी मुद्दाका रुपमा प्रयोग हुँदै आएको राइस मिलको जग्गा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले मन्त्रिपरिषद्बाट सरकारका नाममा अधिग्रहण गर्न निर्णय गरेपछि सर्वोच्च अदालतबाट उद्योगका नाममा भएको जग्गा मुआब्जा दिएर अधिग्रहण गर्नुपर्छ भनेर निर्णय बदर भएको थियो । राइस मिलको जग्गा संरक्षण गर्नु नगरबासीको कर्तव्य भएकाले आन्दोलनमा उत्रिइएको नेपाली कांग्रेस गौर नगर कमिटी सभापति मोहन प्रसाद यादवले बताए । जग्गा उद्योगका नाममा भए पनि शेयरधनी वास्तविकता नरहेकाले जग्गा सिधै नगरपालिकाको नाममा ल्याउनु पर्ने उनको धारणा छ । नगर प्रमुखका प्रत्यासीसमेत रहेका यादवले मालिक नै नभएकाले किन आधी जग्गा लिनु पर्यो भनेर नगरप्रमुखमाथि प्रश्न गरे ।
भूमाफियाको गिद्दे नजर राइस मिलको जग्गामा भएकाले गौरको गौरवको विषय रहेकोमा सरकारले अतिक्रमण गरी सार्वजनिक गर्नु पर्ने उनले प्रस्ट पारे । उता सत्तापक्षले जग्गा अधिग्रहण गर्न १६ करोड रुपैयाँ क्षतिपूर्ति दिनु पर्नेमा करिब २७ करोड रुपैयाँको जग्गा निःशुल्क लिन लागेको जिकिर गर्दै आएको छ । पहिलो स्थानीय तह निर्वाचनमा निर्वाचित नगर प्रमुख अजय कुमार गुप्ताको पालामा जग्गा अधिग्रहण गर्न करिब १ महिना जुलुश, अनशन गरिएको थियो । लामो समय आन्दोलन भएपछि प्रदेश सरकारका तत्कालीन कानून मन्त्री ज्ञानेन्द्र यादवको नेतृत्वमा आएको वार्ता टोलीले प्रदेश सरकारले बजेट व्यवस्थापन गर्ने प्रतिवद्धता जनाएपछि अनशन समाप्त भएको थियो ।
प्रदेश सरकारले गरेको प्रतिबद्धताअनुसार रेड बुकमा बजेट विनियोजन गरिए तर विनियोजित बजेट कानूनी जटिलताका कारण प्रयोग हुन नसक्दा रकम फिर्ता हुँदा अधिग्रहण ओझेलाम परेको हो । जग्गा अधिग्रहणका लागि नगरपालिकाले आफ्नो विकास बजेटबाट कटौती गरी ५ करोड रुपैयाँ सुरक्षित राखेको छ । नेपाल नागरिक समाज रौतहटका अध्यक्ष जगरनाथ प्रसाद केसरी राइस मिलको नाममा दर्ता सम्पूर्ण जग्गा अधिग्रहण गर्नु पर्ने बताउँछन् । जग्गा अधिग्रहणका लागि चाहिने रकम प्रदेश सरकार र संघीय सरकारलाई व्यवस्था गर्न रौतहटबाट प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलका प्रतिनिधिले मिलेर रकम व्यवस्थापन गरे अधिग्रहण गर्न सकिने भएकाले यसतर्फ अग्रसर हुन पर्ने उनको तर्क छ । मिल्स आफैँ जग्गाधनी भएकामा कुनै विवाद नरहे पनि त्यसको सञ्चालक समिति सक्कली या नक्कली भन्ने शंकास्पद छ । चुनावी मुद्दाका रुपमा पटकपटक प्रयोग हुँदै आएको राइस मिलको जग्गाको वास्तविकता शेयरधनीको सम्बन्धित निकायबाट गहनरुपमा छानबिन गरी कारबाही गर्न आन्दोलनरत पक्षले प्रधानमन्त्री, मधेश प्रदेश सरकारका मुख्यमन्त्री, पूर्वप्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्ड, प्रमुख जिल्ला अधिकारीसमेतलाइ ज्ञापनपत्र बुझाइसकेका छन् ।
मिल्सका तत्कालीन सचिव बैकुण्ड पौडेलले जग्गा बिक्री गर्न न्यायपालिकाको सहारामा हदैसम्मको प्रयास गरेको भए पनि स्थानीयको जनदबाबका कारण गौर नगरपालिकाको अडानले सफल हुन सकेका छैन । गौरको मुटुका रुपमा रहेको जग्गा कुनै पनि शर्तमा बिक्री हुन नदिने पक्षमा स्थानीय छन् भने जग्गा जति छिटो अन्तिम किनारा लगाउन एकमात्र विकल्प अधिग्रहणका पक्षमा सबै देखिन्छन् । जग्गा अधिग्रहण या सिधै सरकारीकरण गर्न निर्वाचित जनप्रतिनिधि
इमानदारितापूर्वक लाग्नु पर्दछ भने प्रदेश सरकारले बजेट व्यवस्थापन गर्नु पर्ने देखिन्छ । विवाद उत्पन्न भएका विषयमा सरकारले उच्चस्तरीय छानबिन समिति गठन गरी यथार्थ पत्ता लगाएर जग्गा सार्वजनिक कार्यमा सघाउनु पर्दछ ।

# नेविसंघका बागी उम्मेदवार यादव विजयी



**मधेशदृष्टि**
**वीरगंज ।**
ठाकुरराम बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापतिमा नेविसंघका बागी उम्मेदवार राजकुमार यादव विजयी भएका छन् । बिहीबार दिउँसो सम्पन्न मतगणनाको अन्तिम नतिजामा स्ववियु सभापति यादव १ हजार १ सय १५ मतका साथ निर्वाचित भएका हुन् ।
उनका निकटतम प्रतिस्पर्धी नेविसंघका उम्मेदवार विकास मण्डल धानुकले ६ सय ५३ मत पाउँदा समाजवादी विद्यार्थी युनियनका उम्मेदवार हरिकिशोर यादवले ५ सय ६२ मत, सुधीर पटेल समूहका कमलेश कुमार यादवले ४ सय ५० मत र अनेरास्ववियुका पवन यादवले ३ सय ८६ मत प्राप्त गरेका छन् । यादवलाई कांग्रेसले नेविसंघको उम्मेदवार नबनाएपछि उनले नेपाल विद्यार्थी समूहबाट प्यानल नै बनाएर उम्मेदवारी दिएका थिए ।
यादवलाई पर्सा जिल्लाका शेखर कोइराला पक्षका नेताहरु श्याम पटेल, सुरेन्द्र चौधरी, बैकुण्ठ श्रीवास्तव, अजय द्विवेदीका साथै नेविसंघका केन्द्रीय सदस्य मुनराज तिवारी, विकेश पटेललगायतका नेताले समर्थन गरेका थिए ।
यस्तै, स्ववियु सचिवमा यादव प्यानलकै मन्दिरा चौधरी ६ सय ७२ मतका साथ विजयी भएका छन् । निकटतम प्रतिस्पर्धी समाजवादी विद्यार्थी युनियनका दीपक पटेलले ५ सय ९९ र नेविसंघका रोहित सिंहले ५ सय ४३ मत ल्याए । यस्तै, कोषाध्यक्षमा यादव प्यानलकै अंकित पटेल ८ सय २२ मतका साथ विजयी भएका छन् । उनका निकटतम प्रतिस्पर्धी नेविसंघका दीपक पटेलले ६ सय ९० मत ल्याए । १६ वर्षपछि ठाकुरराम क्याम्पसमा चैत ५ गते भएको निर्वाचनमा १० हजार ७ सय२९ मतमध्ये ४ हजार २ सय ९९ मत खसेको थियो ।

# हाकिमविरुद्ध सिडिओलाई ज्ञापनपत्र

**मधेशदृष्टि**
**गौर ।**
रौतहटको वृन्दाबन नगरपालिकामा पटकपटक आएका उपसचिव खिमबहादुर भुजेलविरुद्ध स्थानीय जनप्रतिनिधि आक्रोशित भएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई रकम बुझाएर वृन्दावन नगरपालिकामै प्रमुख प्रशासकीय अधिकृतका रुपमा आउने भुजेलको कार्यशैलीका कारण निर्वाचित जनप्रतिनिधि आक्रोशित भएका हुन् । विश्रामपुरमा नगरपालिकाको कार्यालय हुँदाहुँदै पनि नगरप्रमुख विनोद प्रसाद कुर्मीको इशारामा हर्सहामा अस्थायी कार्यालय खोलेर आर्थिक अनियमिततामा चुर्लुम्म भएका भुजेलमाथि कारबाही माग गर्दै जनप्रतिनिधिले सामुहिकरुपमा जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाइ बिहीबार ज्ञापनपत्रसमेत बुझाएका हुन् । नगर उपप्रमुख संगीता राम, वडा अध्यक्ष रामनाथ सहनी, सिकिन्दर राउत कुर्मी, हरि नारायण साह, श्यामनन्दन यादव, मजहर मन्सुर, जगरनाथ प्रसाद भेडिहरसहितको टोली प्रमुख जिल्ला अधिकारी बिनोद कुमार खड्कालाइ ज्ञापन पत्र बुझाएको हो ।
ज्ञापनपत्रमा पटकपटक वृन्दावन नगरपालिकामा हाकिम बनेर आउने भुजेलले कार्यपालिकाको बैठक नै नबोलाई मेयरसँग साँठगाठ गरेर लुट मच्चाइरहेको वडा अध्यक्ष श्यामनन्दन यादवले बताए । उनले भुजेल चन्द्रनिगाहपुरमा डेरामा बसेर व्यापारीलाई मोटो रकम कमिसन लिएर भुक्तानी दिने गरेको दाबी गरे । संघीय मन्त्रीलाई लाखौँ रकम भेटी चढाएर आएका भुजेल आर्थिक अनियमिततामा डुबेको टिप्पणी गर्दै भ्रष्टाचार गर्ने मनसाय बोकेका भुजेललाई सम्बन्धित निकायले कारबाही गरेर नहटाए जनताले लखेटने वडा अध्यक्ष सिकिन्दर राउतले चेतावनी दिए । उनले भुजेलले नगरपालिकाले २ आर्थिक वर्षको हिसाबकिताब सार्वजनिक नगरेको जिकिर गरे । नगर प्रमुख कुर्मीको जिद्दीका कारण नगरपालिका अस्तव्यस्त भएको टिप्पणी पूर्वनगरप्रमुख राम स्नेही यादवको छ ।

# तीन खर्ब ९० अर्बको सामान आयात

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको आठ महिनामा तीन खर्ब ९० अर्ब १८ करोड रुपैयाँ बराबरको वस्तु तथा सामान भित्रिएको छ । गत आवको आठ महिनाको तुलनामा चालु आवको सोही अवधिमा आयात ११ दशमलव ४० प्रतिशत अर्थात् ३९ अर्ब ९२ करोड रुपैयाँ बढीका सामान भित्रिएका हुन् । गत आवको आठ महिनामा तीन खर्ब ५० अर्ब २६ करोड रुपैयाँ बराबरका वस्तु तथा सामान भित्र्याइएको थियो ।
वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा पेट्रोलियम पदार्थ, भटमासको कच्चा तेल र सवारीसाधनको आयातमा उल्लेखनीयरूपमा वृद्धि भएको जानकारी दिए । उनका अनुसार चालु आवको आठ महिनामा एक खर्ब २२ अर्ब २० करोड रुपैयाँ बराबरको विभिन्न पाँच किसिमका पेट्रोलियम पदार्थ आयात भएको छ । गत आवको सोही समयमा भने एक खर्ब २० अर्ब ५३ करोड रुपैयाँ बराबरको पेट्रोलियम पदार्थको आयात भएको थियो । यो नाका हुँदै चालु आवको आठ महिनामा २९ अर्ब २९ करोड रुपैयाँ पर्ने भटमास तेलको कच्चा पदार्थ आयात भएको छ । गत आवको पनि सोही समयमा भटमासको कच्चा पदार्थ पाँच अर्ब ७८ करोड रुपैयाँ बराबरको भित्रिएको थियो । चालु आवको आठ महिनामा २२ अर्ब ५१ करोड रुपैयाँ पर्ने फलाम तथा फलामका सामग्री आयात भएकामा गत आवको सोही अवधिमा २१ अर्ब ९४ करोड रुपैयाँ बराबरको आयात भएको थियो ।
चालु आवको आठ महिनामा २१ अर्ब ६७ करोड रुपैयाँ पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ भने गत आवमा १८ अर्ब ६५ करोड रुपैयाँ मूल्य पर्ने सामान आयात भएको थियो । चालु आवको आठ महिनामा ११ अर्ब ६८ करोड रुपैयाँबराबरका यातायातका सवारीसाधन आयात भएका छन् । गत आवको सोही अवधिमा १० अर्ब १० करोड रुपैयाँ पर्ने सवारीसाधन आयात भएका भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक लामिछानेले जानकारी दिए ।

# भौतिक पूर्वाधार मन्त्रालयमा योजना बिक्रीमा कमिसनको चलखेल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका सबै पूर्वाधार विकास कार्यालयसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासले विभिन्न कागजात उपलब्ध गराउन पत्राचार गरेको छ ।
अख्तियारले पठाएको पत्रमा विनियोजित बजेटको रातो किताब, चालु आर्थिक वर्षमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाको सूची, बहुवर्षीय तथा सालबेसाली योजनाको विवरण र हाल ती योजनाको कार्यान्वयनको स्थितिलगायतका कागजात माग गरिएको हो । यसबाहेक, मुख्यमन्त्री कार्यालयबाट सञ्चालित योजना र अदालतको फैसलासँग सम्बन्धित योजनाका कागजात पनि उपलब्ध गराउन भनिएको छ ।
विशेषगरी भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवमाथि योजना नियन्त्रणमा लिएर दलालमार्फत बिक्री गरिरहेको आरोप लाग्दै आएको छ ।
मन्त्री यादवले आफ्नो राजनीतिक पहुँच प्रयोग गर्दै प्रदेशभरका विकास योजना बिक्रीमा राखेको, १० प्रतिशत कमिसन चलखेल गरेको र उपभोक्ता समिति गठन प्रक्रियामा विवाद बढाएको आरोप छ । विपक्षी दलले यी आरोपको उच्चस्तरीय छानबिन गर्न माग गरेका छन् । तर, मुख्यमन्त्री सतिश कुमार सिंह र सभामुख रामचन्द्र मण्डलले मिलेमतो गरी प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगित गरेको भन्दै विवाद चुलिएको छ ।
सभामुख मण्डलले बैठक स्थगित गरेपछि योजनाको बिक्री अझ तीव्र बनेको आरोप लागेको छ । उपभोक्ता समिति गठनका लागि ठेकेदारलाई वडाध्यक्षले थप रकम मागेको गुनासो छ । वडाध्यक्षले पूर्वाधार विकास कार्यालयले योजना विवरणसहित सोझै उपभोक्ता समिति गठनका लागि पत्राचार गर्नुपर्ने माग गरिरहेका छन् । पूर्वाधार विकास कार्यालयका प्रमुखले मन्त्री यादवको नियन्त्रणमा योजना रहेको भन्दै आफूहरूसँग कुनै योजना नरहेको सार्वजनिक रूपमा बताउने गरेका छन् ।

# वीरगंज युनाइटेले रोक्यो भगवतीलाई

**मधेशदृष्टि**
**वीरगंज ।**
शहिद स्मारक बी डिभिजन लिगमा वीरगंज युनाइटेड क्लबले भगवती क्लबलाई बराबरीमा रोकेको छ । इन्जुरी समयसम्म अग्रतामा रहेको भगवती अन्तिम समयमा गोल खाँदा १–१ को बराबरीमा रोकिएको हो । एन्फा कम्प्लेक्समा भएको खेलको ३१ औँ मिनेटमा बिक्रान्त नरसिंह रानाले गोल गरे ।
उनको सुरुवाती प्रयास पोस्टमा लागे पनि रिबाउन्डमा आएको बल पुनः उनकै दिशामा आएपछि उनले ६ यार्डभित्रबाट टाइट एंगलमा गोल गरे । यो गोलमा भगवतीले पहिलो हाफमा १–० को अग्रता बनायो । दोस्रो हाफमा दुवै टिमले गोल गर्न सकेनन् । निर्धारित ९० मिनेटसम्म भगवतीसँग १–० को अग्रता थियो ।
तर इन्जुरी समयको दोस्रो मिनेटमा कृपाकान्त महतो थारूले गोल गरे । यो गोलमा वीरगंज हारबाट जोगियो । दुवै टिमले १–१ अंक बाँडे । भगवतीले लगातार तेस्रो जित निकाल्ने मौका गुमायो । उसको ३ खेलबाट ७ अंक छ । वीरगंजको दोस्रो बराबरीका साथ ३ खेलबाट ५ अंक छ ।

# कुनै हालतमा राजतन्त्र पुनरुत्थान सम्भव छैनः मन्त्री

**मधेशदृष्टि**
**सिरहा ।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले नेपालमा कुनै पनि हालतमा राजतन्त्र पुनरुत्थान सम्भव नभएको बताएका छन् । बिहीबार लहानमा आयोजित पत्रकारिताको आचारसंहितासम्बन्धी गोष्ठीमा मन्त्री लेखीले नेपालको अहिलेको लोकतान्त्रिक व्यवस्था उत्कृष्ट रहेको र यसको पुष्टि जनताले विभिन्न निर्वाचनमा खसालेको मतले गरेको बताए ।
'अहिलेको व्यवस्था नै उत्कृष्ट व्यवस्था हो,' उनले भने, 'राजतन्त्रको एजेन्डा बोकेर राप्रपा राजनीतिमा छ । तर, ५–६ प्रतिशत नागरिकले पनि त्यसलाई पत्याएका छैनन् । त्यसैले चुरिफुरी नदेखाउनुहोस् ।' उनका अनुसार मुलुकमा निरंकुश राजतन्त्रका बेला राजाका अनुयायीले जथाभावी काम गर्न पाउँदा अहिले भने उनीहरूले नागरिक असन्तुष्टिको आडमा राजतन्त्रको हल्ला चलाइरहेका छन् ।



'जनताले आफैँ बलिदानपूर्ण संघर्षबाट संघीयता, समावेशीता, समानुपातिक निर्वाचन प्रणाली र अन्य महत्वपूर्ण उपलब्धि ल्याएका छन् र यसको विपक्षमा कोही पनि छैनन्,' मन्त्री लेखीले जोड दिए । लेखीले भने, 'पहिले मुलुकमा एउटा वंशले राज गर्थे, अहिले जनताका छोराछोरीले देश हाँक्न पाएका छन् । यो व्यवस्था र संविधानले मुलुकका सबै नागरिकको सहभागिता सुनिश्चित गरेको छ । त्यसैले यो व्यवस्थाको विपक्षमा कोही पनि छैनन् ।'
यद्यपि, मन्त्री लेखीले मुलुकमा गडबडी र बेथिति देखा परेका कारण दलहरूले आफ्नो कार्यशैलीमा सुधार ल्याउन जरुरी रहेको बताए । उनले पत्रकारलाई गडबडी र बेथितिबारे निर्भिक भएर लेख्न आग्रह गर्दै भने, 'पत्रकारले गडबडी र बेथितिबारे लेख्नुपर्छ । यसले व्यवस्था अझ मजबुत बनाउन मद्दत गर्नेछ ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन